कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# दोल्ती पावर कम्पनी लिमिटेड

# Dolti Power Company Limited


रजिष्ट्रार कार्यालय : थापागाँउ, नयाँ बानेश्वर १०, काठमाडौं

फोनः नं. ०१-४१०५०२१, ९८२३४४६३३

इमेलः info@doltipower.com.np, वेवसाइटः www.doltipower.org.np


को

## विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.५३,६४,८६,०००/- को ३०% अर्थात् १६,०९,४५८ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये यस विवरण पत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.५,३६,४८,६००/- रकम बराबरको रु.१०० अंकित दरका ५,३६,४८६ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र जारी पूँजी २०% अर्थात १०,७२,९७२ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,०७,२९,८००/- रकम बराबरको रु.१०० अंकित दरका १,०७,२९८ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुको निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ । साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई शेयर बाँडफाँड गरे पश्चात् बाँकी रहने रु.१००/- अंकित दरका ९६५,६७५ कित्ता शेयर मध्ये २१,४५८ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २ प्रतिशत) कर्मचारीहरुलाई र ५३,६४९ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ८९०,५६७ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

| आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण | छुट्टाइएको प्रतिशत | छुट्टाइएको शेयर संख्या | पुँजी रकम (रु) |
|---|---|---|---|
| अति प्रभावित क्षेत्रः कालिका र नौमुले गा.वि.स. भित्र वसोबास गर्ने । | ५० | २,६८,२४३ | २,६८,२४,३०० |
| प्रभावित क्षेत्रः कालिका र नौमुले गा.वि.स.बाहेको अन्य दैलेख जिल्ला बासिको लागि । | ५० | २,६८,२४३ | २,६८,२४,३०० |

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक (आ.व.) | | | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| प्रति शेयर आम्दानी रु. | २६.८९ | (११.२६) | १.८१ | २.२२ | ३.७३ | ४.७७ |
| प्रति शेयर नेटवर्थ रु. | ९७ | ८५ | ८७ | ९३ | ९७ | १०२ |
| संचित नाफा/ (नोक्सान) तथा जगेडा कोषहरु (रु.हजारमा) | (१२,२५४) | (५४,५४३) | (४७,७५३) | (३५,८२८) | (१५,८००) | ९,८१५ |

**विद्युत परियोजनाको नाम :** पदम खोला साना जलविद्युत आयोजना । **आयोजनाको कुल उत्पादन क्षमता :** ४.५ मे.वा. ।

**प्रति मेगावाट लागत सम्बन्धी विवरण** : कम्पनीले प्रवर्धन गरिरहेको पदम खोला साना जलविद्युत आयोजनाको कुल प्रति मे.वा. लागत रु.२४,०५,०८,९३३/- रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण** : पदम खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७४/०६/२९ देखि २१०९/०६/२८ गतेसम्म रहेको भएता पनि विद्युत विकास विभागबाट जारी विद्युत उत्पादन अनुमती पत्रमा तोकिएको समय अवधि बमोजिम अब जम्मा ३० वर्ष बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण** : आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.८५ वर्ष र Discounted Pay Back Period २६.९५ वर्ष रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत विवरण** : पदम खोला साना जलविद्युत आयोजनाको ब्याज सहितको कुल लागत रु.१,०८,२२,९०,२००/- रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ । धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग ८** (मा) उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन अनुरोध गर्दछौं ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बन्धित अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB" (pronounced ICRA NP Issuer Rating Double B) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [ICRANP-IR] AAA ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

**इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०७८/१२/३०** **बहाल रहने अवधि २०७९/१२/२९**

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर सर्बसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृति प्राप्त भएको मितिः २०७९/१०/१७ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०७९./१०/१९

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०७९/११/०८ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/११/२५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/१२/०७ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०७९/११/०८ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/११/२५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन । | |

**निष्काशन तथा बिक्री प्रबन्धक**

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड

तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौ

फोनः ९७७-१-५७०५९९४, फयाक्सः ९७७-१-५७०६४५८

Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बोण्ड सम्झनुपर्छ र सो शब्दले धितोपत्रबजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्कासनकर्ता कम्पनी दोल्ती पावर कम्पनी लिमिटेड, थापागाउँ,नयाँबानेश्वर -१०, काठमाडौंलाई सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका हकमा समेत) को लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्दछ ।

च) "निष्कासन बैंक" भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले दोल्ती पावर कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) "स्थानियवासी"भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात दैलेख जिल्ला (साविक नौमुले तथा कालीका गा.वि.स.)मा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

ट) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ठ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजी २५ करोड भन्दा कम भएको हकमा ५ प्रतिशत र २५ करोड भन्दा बढी भएको हकमा १ प्रतिशत वा सो भन्दा बढी साधारण शेयर लिएको शेयरधनी सम्झनु पर्छ ।

ड) "प्रति शेयर नेटवर्थ" भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

ढ) "प्रति शेयर आम्दानी" भन्नाले कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

ण) "साधारण लगानी फिर्ता हुने अवधि" भन्नाले सामान्य रुपमा कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ, सो अवधिलाई सम्झनु पदर्छ ।

त) "डिस्काउण्ट लगानी फिर्ता हुने अवधि" भन्नाले डिस्काउण्ट फ्याक्टर प्रयोग गरेर कति समयभित्र लगानी प्रतिफल प्राप्त हुन्छ सो अवधिलाई सम्झनु पदर्छ ।

## ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| क. | एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं, नेपाल ; वेभसाईट : www.nicasiacapital.com फोन नं.– ०१–५९०९२२४, ०१–५९०९२२५ |
| ख. | **दोल्ती पावर कम्पनी लिमिटेड**, थापागाँउ नयाँ बानेश्वर-१०, काठमाडौं email:, info@doltipower.com.np वेवसाइटः . www.doltipower.org.np |
| ग. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेभसाईट, www.sebon.gov.np |
| **सि.नं.** | **दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान :** |
| क. | **आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**<br>१. आयोजना रहेको स्थान दैलेख जिल्ला, नैमुले बजार ।<br>२. एन आई सी एशिया बैंक लिमिटेड, वडा नं. ०१, नयाँबजार, दैलेख ।<br>३. ग्लोवल आई एम ई बैंक लिमिटेड, शाखा कार्यालय, देवकोटा चोक, दैलेख ।<br>४. प्रभु बैंक लिमिटेड, शाखा कार्यालय देवेन्द्रचोक, नयाँबजार, दैलेख ।<br>**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ । साथै आवेदन फारम निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाईट www.nicasiacapital.com बाट डाउनलोड गरेर पनि भर्न सकिनेछ ।** |
| ख. | **विदेशमा रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणहरुको हकमा :**<br>नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**
हामीलाई निष्कासनकर्ता कम्पनी तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा उक्त कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुप तोकिएको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.(क) संचालकको जिम्मेवारी तथा जवाफ देहीता सम्बन्धी :**
यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**
यस दोल्ती पावर कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी :**
प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७७/७८ सम्मको विवरणहरु पेश गरेको हुनाले कम्पनी अद्यावधिक रहेको व्यहोरा मिति २०७९/०२/०६ गतेको निर्णय अनुसार मिति २०७९/०२/०६ मा पत्र प्रदान गरी कम्पनी रजिष्ट्राले स्वीकृती प्रदान गरेको छ ।

**ग.२.(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

(अ) **संस्थाको नाम : दोल्ती पावर कम्पनी लिमिटेड** (Dolti Power Company Limited)

(आ) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(इ) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १० थापागाँउ नयाँ बानेश्वर मा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायबाट स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

(ई) **जलविद्युत केन्द्र** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र दैलेख जिल्ला नौमुले तथा कालीका गा.वि.स. मा रहेको छ।

(उ) **संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०६९/१२/२५ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा **दोल्ती पावर कम्पनी लिमिटेड को नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले **मिति २०७८/०३/३१ मा पव्लिक लिमिटेड कम्पनीमा परिणत** भई **दोल्ती पावर कम्पनी लिमिटेड** को नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ।

२. हाल यस कम्पनीमा ५५ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दाखिल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले जिल्ला दैलेख नौमुले तथा कालीका गा.वि.स. स्थित पदम खोला साना जलविद्युत आयोजनाबाट ४.५ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, मन्त्रालय विद्युत विकास विभागबाट मिति २०७४/०६/२९ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको थियो ।

४. कम्पनीले निर्माण गरेको माथिल्लो पदम खोला साना जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मन्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७४/०८/०१ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भएको थियो । साथै उक्त सम्झौताको पहिलो संशोधन मिति २०७८/०५/२८ गते भएको थियो ।

५. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७४/०८/०१ मा पदम खोला साना जलविद्युत आयोजना ४.५ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७७/११/०८ गते (तदनुसार फेब्रुअरी २०, २०२१) रहेको थियो ।

६. यस कम्पनीको व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७७/११/०८ गते (तदनुसार फेब्रुअरी २०, २०२१) भएपनि उक्त आयोजनाको निर्माण कार्य निर्धारीत समय अगावै सम्पन्न भई मिति २०७६/०९/०८ गतेदेखि व्यापारिक उत्पाद सुरु गरिसकेको छ । नेपालको हकमा निर्धारीत समय सीमा भन्दा अगडी आयोजना सम्पन्न गर्ने कम्पनीहरु मध्ये यस दोल्ती पावर कम्पनी लिमिटेड एउटा हो ।

**७. आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

- **विद्युत परियोजनाको नाम :** पदम खोला साना जलविद्युत आयोजना ।
- **आयोजना स्थल:** दैलेख जिल्ला (साविक नौमुले तथा कालीका गा.वि.स.)
- **श्रोत नदी:** पदम खोला
- **आयोजनाको किसिम:** रन अफ रिभर
- **उत्पादन हुने इनर्जी:** २३.०७९ (Gwh)
- **आयोजनाको उत्पादन क्षमता:** ४.५ मेगावाट
- **ग्रस हेड:** २४१.२५ मिटर
- **डिस्यान्डीङ्ग वेसिन:** २५ मिटर लम्बाई ३.५० मिटर चौडाई २ मिटर ।
- **पेनस्टक:** लम्बाई ३.२४५ मिटर, व्यास १.२० एम -१ एम  मिटर भएको र ८ एमएम देखि १६ एमएमसम्म का ३८ वटा
- **पावरहाउस:** लम्बाई २१ मिटर, चौडाई ११ मिटर, उचाई १२ मिटर
- **टर्वाइन:** संख्या २, प्रति टर्वाइन आउटपुट २४०० कि.वा.
- **जेनेरेटर:** २.६४७ KVA Per Unit (two unit)
- **आयोजनाको कूल लागत :** रु.१,०८,२२,९०,२००/-
- **विद्युतको व्यापारिक उत्पादन भएको मिति :** २०७६/०९/०८

- **प्रशारण लाईन बनेको मिति : २०७६/०८/१६ (परिक्षण सम्पन्न भएको मिति)**

**कम्पनीले विद्युत खरिद सम्झौता गर्दाको समयमा अनुमान गरिएको र आयोजना सम्पन्न हुँदा लागेको वास्ताविक लागत सम्बन्धी विवरण :**

| विद्युत खरिद सम्झौता गर्दाको समयमा गरिएको अनुमानित लागत रकम | आयोजना निर्माण सम्पन्न हुँदा लागेको वास्ताविक लागत रकम | आयोजनाको लागत बृद्धि हुनुको मुख्य कारणहरु |
|---|---|---|
| रु.७८,४७,२८,०००/- | रु. १,०८,२२,९०,२००/- | (क) बैंक ब्याजदर बृद्धि हुनु ।<br>(ख) भौगोलिक विकटताको कारणले गर्दा अनुमानित कामदारको संख्या भन्दा बढी कामदरहरु परिचालन गर्नु परेकोले ।<br>(ग) भारतले ९ महिना भन्दा बढी समयसम्म अघोषित नाकाबन्दी गरेको कारणले गर्दा उक्त समयमा पेट्रोलियम पदार्थ महंगो मूल्यमा खरिद गर्नु परेको जस्ता विविध कारणले गर्दा अनुमानित लागत भन्दा आयोजनाको निर्माण कार्य सम्पन्न हुँदा बढी लागत लागेको थियो । |

**कम्पनीको वित्तीय परिसुचक :**

आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) ८.८५ वर्ष र Discounted Pay Back Period २६.९५ वर्ष र Internal Rate of Return ९.९५ प्रतिशत र Net Present Value (NPV): रु.१,७३,००,०००/- (अक्षेरेपी : एक करोड त्रिहत्तर लाख मात्र) रहने अनुमान रहेको छ । नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको ३० वर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

**खुद वर्तमान मूल्य** (Net Present Value) तथा आन्तरिक प्रतिफल (Internal Rate of Return) गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

**पूँजी लागत : ९.७५ प्रतिशत**

| वर्ष | आय | सञ्चालन र व्यवस्थापन | ह्रासकट्टीं + परिशोधन | कर अधिको आम्दानी | कर | कर पछिको आम्दानी | खुद नगद प्रवाह | NPV @9.75% |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ५ | ७ | ८ | ९ | १० | |
| | | | | ७=२-(३+४+५+६) | | | ५+९ | |
| ० | | | | | | | (१,०८२,२९०) | (१,०८२,२९०) |
| १ | १०६,६४४ | ११,०६३ | ३४,४६७ | ६१,११५ | | ६१,११५ | ९५,५८२ | ८७,०९० |
| २ | १२९,५३९ | ९,९६१ | ३४,३९१ | ८५,१८६ | | ८५,१८६ | ११९,५७७ | ९९,२७५ |
| ३ | १३२,९९५ | १०,०७१ | ३४,३३१ | ८८,५९४ | | ८८,५९४ | १२२,९२५ | ९२,९८८ |
| ४ | १३६,४५२ | १०,३७३ | ३४,२८२ | ९१,७९७ | | ९१,७९७ | १२६,०७९ | ८६,९०१ |
| ५ | १३९,९०९ | १०,६८४ | ३४,२४३ | ९४,९८२ | | ९४,९८२ | १२९,२२५ | ८१,१५६ |
| ६ | १४३,३६६ | ११,००५ | ३४,२११ | ९८,१५० | | ९८,१५० | १३२,३६१ | ७५,७४१ |
| ७ | १४५,५७० | ११,३३५ | ३४,१८६ | १००,०४९ | ८,००६ | ९२,०४३ | १२६,२२८ | ६५,८१५ |
| ८ | १४५,५७० | ११,६७५ | ३४,१६५ | ९९,७३० | ८,७२७ | ९१,००२ | १२५,१६८ | ५९,४६४ |
| ९ | १४५,५७० | १२,०२५ | ३४,१४९ | ९९,३९६ | ९,४६० | ८९,९३६ | १२४,०८५ | ५३,७१३ |
| १० | १४५,५७० | १२,३८६ | ३४,१३५ | ९९,०४९ | १०,२३७ | ८८,८१२ | १२२,९४७ | ४८,४९२ |
| ११ | १४५,५७० | १२,७५७ | ३४,१२४ | ९८,६८८ | ११,०७० | ८७,६१८ | १२१,७४२ | ४३,७५१ |
| १२ | १४५,५७० | १३,१४० | ३४,११५ | ९८,३१४ | २३,८९३ | ७४,४२१ | १०८,५३७ | ३५,५४० |
| १३ | १४५,५७० | १३,५३४ | ३४,१०८ | ९७,९२७ | २२,५८७ | ७५,३४० | १०९,४४८ | ३२,६५५ |
| १४ | १४५,५७० | १३,९४० | ३४,१०२ | ९७,५२७ | २३,६३९ | ७३,८८८ | १०७,९९० | २९,३५८ |
| १५ | १४५,५७० | १४,३५९ | ३४,०९८ | ९७,११३ | २४,८७० | ७२,२४३ | १०६,३४१ | २६,३४१ |
| १६ | १४५,५७० | १४,७८९ | ३४,०९४ | ९६,६८७ | २६,१४९ | ७०,५३७ | १०४,६३१ | २३,६१५ |
| १७ | १४५,५७० | १५,२३३ | ३४,०९१ | ९६,२४६ | २७,४७८ | ६८,७६८ | १०२,८५९ | २१,१५३ |
| १८ | १४५,५७० | १५,६९० | ३४,०८८ | ९५,७९२ | २८,८५६ | ६६,९३५ | १०१,०२३ | १८,९३० |
| १९ | १४५,५७० | १६,१६१ | ३४,०८६ | ९५,३२३ | ३०,२८८ | ६५,०३५ | ९९,१२१ | १६,९२३ |
| २० | १४५,५७० | १६,६४६ | ३४,०८४ | ९४,८४० | ३१,७७४ | ६३,०६६ | ९७,१५० | १५,११३ |
| २१ | १४५,५७० | १७,१४५ | ३४,०८३ | ९४,३४२ | ३३,३१७ | ६१,०२५ | ९५,१०८ | १३,४८१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | १४५,५७० | १७,६५९ | ३४,०८२ | ९३,८२९ | ३४,९१८ | ५८,९१० | ९२,९९२ | १२,०१० |
| २३ | १४५,५७० | १८,१८९ | ३४,०८१ | ९३,३०० | ३६,५८१ | ५६,७१८ | ९०,७९९ | १०,६८५ |
| २४ | १४५,५७० | १८,७३५ | ३४,०८० | ९२,७५५ | ३८,३०८ | ५४,४४७ | ८८,५२७ | ९,४९२ |
| २५ | १४५,५७० | १९,२९७ | ३४,०७९ | ९२,१९४ | ४०,१०१ | ५२,०९३ | ८६,१७२ | ८,४१९ |
| २६ | १४५,५७० | १९,८७६ | ३४,०७९ | ९१,६१५ | ४०,१०१ | ५१,५१४ | ८५,५९३ | ७,६१९ |
| २७ | १४५,५७० | २०,४७२ | ३४,०७९ | ९१,०१८ | ४०,१०१ | ५०,९१८ | ८४,९९७ | ६,८९४ |
| २८ | १४५,५७० | २१,०८६ | ३४,०७९ | ९०,४०४ | ४०,१०१ | ५०,३०४ | ८४,३८३ | ६,२३६ |
| २९ | १४५,५७० | २१,७१९ | ३४,०७९ | ८९,७७२ | ४०,१०१ | ४९,६७१ | ८३,७५० | ५,६४० |
| ३० | १४५,५७० | २२,३७० | ३४,०७९ | ८९,१२० | ४०,१०१ | ४९,०१९ | ८३,०९९ | ५,०९९ |

| | |
|---|---|
| **आन्तरिक प्रतिफल दर** (IRR) | **९.९५%** |
| **कुल वर्तमान मूल्य** (NPV) **रु हजारमा** | **१७,३००** |
| **वि/सी रेसियो** | **१.०२** |
| **साधारण लगानी फिर्ता हुने अवधि** (Simple Pay Back Period) | **८.८५ वर्ष** |
| **डिस्काउन्टेण्ट लगानी फिर्ता हुनेअवधि** (Discounted Payback Period) | **२६.९५ वर्ष** |

**८.कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष) वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।
- कन्ट्रयाक्ट इनर्जी ४.५ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैया चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खायाम-पौष देखि चैत्र सम्म ( रु.प्रति युनिट) | वर्षा याम-बैशाख देखि मंसीर सम्म (रु.प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९० | ५.०९ |
| ३७औं महिना देखि ४८ औं महिना सम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि ७२ औं महिना सम्म | ९.६६ | ५.५२ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | ९.९१ | ५.६६ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०.१६ | ५.८१ |
| ९७औं महिना देखि सम्झौता अवधि सम्म | १०.४२ | ५.९५ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मूल्यबृद्धि दिईने छ ।

नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२(१) अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) को हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

**आयोजनाबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरणः**

| | |
|---|---|
| सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूल इनर्जी (kWh) | ३७,०५,६७२ |
| वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूल इनर्जी (kWh) | १,९३,७३,७११ |
| **जम्मा वार्षिक** (kWh) | **२,३०,७९,३८३** |

**विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदाः**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबुबाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।

साथै प्राधिकरणले पनि कम्पनीबाट आपूर्ती हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ :

कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रु. ०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि एथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

**विद्युत खरिद बिक्री**

**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने**

प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

क्षतिपूर्ति रकम रु. [०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार बा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर , यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

१. स्वीकृति लिनु पर्नेमा सम्वन्धित निकायबाट स्वीकृत लिई नेपाल अधिराज्यको विभिन्न भागमा रहेका नदी, नाला, ताल आदी बाट निजी क्षेत्रमा जलविद्युत आयोजनाहरु निर्माण गरी जलविधुत उत्पादन गर्ने, प्रशारण गर्ने तथा बिक्री वितरण गर्ने ।

(क) विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने :-
विद्युतसगं सम्बन्धित आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसगं अनुमति लिई पूर्व सम्भाव्यता अध्ययन, वातावरण प्रभावको मुल्याङ्कन (EIA) Detail Project Report (DPR) समेत तयार गरी विद्युत खरिद बिक्रीसम्मको सेवा दिने ।

(ख) विद्युत आयोजनाहरु तथा प्रसारण लाईन निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्ने (BOOT) :-
नेपाल सरकारसगं अनुमति प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रसारण लाईन निर्माण गर्ने, सञ्चालन गर्ने नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समयावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरिदकर्तासगं सम्झौता (PPA) गरी विद्युत उत्पादन तथा बिक्री वितरण गर्ने ।

(ग) विद्युत गृह लिजमा लिने वा खरिद गरी सञ्चालन गर्ने :-
हाल सञ्चालनमा रहेका साथै निर्माणाधित विद्युत गृहहरुलाई खरिद गर्ने वा लिजमा लिई सञ्चालन गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने ।

(घ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवि एंव ख्याति प्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसगं मैत्रिपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौता गर्ने, विचारको आदन प्रदान गर्ने, सभा सेमिनारहरुको आयोजना गर्ने, तालिम प्रशिक्षण सञ्चालन गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नको लागी आवश्यक दक्ष जनशक्ति तयार गर्ने र आवश्यक परेमा यसका लागि विदेशी विशेषज्ञ बोलाउने वा आवश्यकता अनुसार विषय विशेषज्ञताका लागि स्वदेशी जनशक्तिलाई विदेशमा तालिममा पठाउने ।

(ङ) निर्माणाधिन तथा बन्द भएको आयोजना सञ्चालन गर्ने, लिजमा लिने मर्मत सम्भार आदि गर्ने ।

(च) स्वीकृति लिई विद्युत उत्पादनमा संलग्न हुन आउने विदेशी कम्पनीहरुसंग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु सञ्चालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधि (Local Agent) भई काम गर्ने ।

(छ) विद्युत आयोजना स्थलसम्म पुग्ने बाटो अन्य पूवाधार र वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने ।

(ज) उत्पादित विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने वा सोझै उपभोक्तालाई बिक्री गर्ने ।

(झ) ट्रान्सफर्मर लगायत विद्युत सम्बन्धी आवश्यक सामानहरु उत्पादन, खरिद तथा बिक्री वितरण गर्ने ।

२. कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

३. उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरे पश्चात त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

**देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :** दैलेख जिल्ला नौमुले र कालीका गा.वि.स.मा रहेको पदम खोला साना जलविद्युत आयोजनाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदी संरचना रहेका छन । यो परियोजना Run of River मा आधारित जलविद्युत आयोजना हो । आयोजनाबाट ४.५ मे.वा. विद्युत उत्पादन गर्न यस परियोजनामा Run of River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

**(३) कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देशभित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार हाललाई नेपाल राज्यभर रहनेछ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति :** पदम खोला साना जलविद्युत आयोजनको उत्पादन क्षमता ४.५ मेगावाट रहेको छ र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री गरिरहेकोछ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** यस जलविद्युत आयोजनाको लागि दैलेख जिल्ला नौमुले र कालीका गा.वि.स.को पदम खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

क) आयोजनाको डिजाईन कार्यहरु जलविद्युत क्षेत्रमा उच्चतम विशेषज्ञता हासिल गरि २५ वर्ष भन्दा बढी कार्यगत प्राविधिक ज्ञान र अनुभव भएको विशेषज्ञहरुद्वारा गरिएको ।

ख) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि निर्माण क्षेत्रमा विशेषज्ञता र दशकौंको अनुभव भएको निर्माण कम्पनीलाई जिम्मा दिईएको थियो ।

ग) सिभिल निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि निर्माण सामाग्री सम्बन्धी तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि नियमित चेकजाँच गर्ने गरिनुका साथै आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गर्ने व्यवस्था गरिएको छ ।

घ) Hydromechanical कार्यका लागि विश्व कै ख्याति प्राप्त स्टील कम्पनीबाट स्टील आयात गरि जडान तथा निर्माण गरिएको ।

ङ) Electromechanical कार्य अन्तर्गत संसारको ख्याति प्राप्त बहुराष्ट्रिय कम्पनीबाट खरिद तथा आयात गरि मुख्य यन्त्र उपकरणहरुको जडान कार्य सम्पन्न भएको ।

च) सिभिल, Hydromechanical तथा Electromechanical लगायतका कार्यहरु अन्तर्गत Quality Inspection को लागि गरिएको सम्झौताको प्रावधानहरुमा नै स्पष्ट रुपमा Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप अनुगमन तथा आवश्यक रुपमा गुणस्तर समेत Inspection गरि सम्पन्न गरिएको ।

(१०) **अनुसन्धान तथा विकासः** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधानः**
सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः**

नेपाल विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन बमोजिम नेपालमा आर्थिक वर्ष २०७७/७८ मा विद्युतको माग ८,९६०.३१ गिगावाट प्रति घण्टा रहेकोमा कुल उत्पादन जम्मा ६,१५४.५२ गिगावाट प्रति घण्टा उत्पादन गरिरहेको प्रतिवेदन प्रस्तुत गरेको छ ।

यस दोल्ती पावर कम्पनी लिमिटेड द्वारा प्रवधित पदम खोला साना जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ४.५ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गर्नेछ । साथै संसार भर नै नविकरणीय उर्जाको ठूलो परिमाणमा माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नहुने र नेपाल तथा क्षेत्रीय बजारमा समेत बढदै गएको उर्जाको मागको कारणले नियमित रुपमा बजार बिस्तार समेत भईरहेको । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता बमोजिम बिक्री गरिने हुँदा नेपाली लगानीकर्ताको लागी लाभदायक र उपयुक्त क्षेत्र रहेको छ । साथै हाल नेपालमा उत्पादित विद्युत भारतिय बजारमा समेत सहज रुपमा निर्यात गर्न सकिने अवस्था रहेको हुँदा भविष्यमा समेत सहज रुपमा उत्पादित विद्युत बिक्री हुने देखिन्छ । जसले गर्दा समान किसिमका उद्योगहरु बीच यस कम्पनीको स्थिति समेत राम्रो रहेको देखिन्छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरणः** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

क) आयोजनाको सिभिल कार्यका लागि ठेकेदार देउराली सुपर कन्स्टक्सन प्रा.लि सँग सन २०१८ जनवरी ११ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भइसकेको छ ।

ख) आयोजनाको हाइड्रोमेकानिकल कार्य का लागि डाउन हाइड्रोमेकानिकल वोक्स प्रा.लि. सँग मिति सन २०१८ फेब्रुअरी ०२ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भइसकेको छ ।

ग) आयोजनाको इलेक्ट्रोमेकानिकल कार्यका लागि मेकामिडी एचपीपी (इन्डिया) प्रा.लि. संग सन २०१७ फेब्रुअरी १७ मा सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भइसकेको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

वित्तीय संस्थाको हालको सम्पत्तिको अवस्था तल उल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्ति चालु अवस्थमा रहेको छ।

**(रु. मा)**

| सम्पतिको विवरण | सुरु मौजदात (आ.व.२०७८/७९) | थप (आ.व.०७८/७९) | जम्मा | ह्रास कट्टी | अन्तिम मौजदात | सम्पत्ति रहेको स्थान |
|---|---|---|---|---|---|---|
| इलेक्ट्रोमेकानिकल | १८६,९००,६९३.०० | - | १८६,९००,६९३.०० | ५,९८०,८२२.१८ | १८०,९१९,८७१ | आयोजना स्थल |
| हाइड्रोमेकानिकल | २४४,६५५,९२६.०० | ३८,६८१,७४६.२३ | २८३,३३७,६७२.२३ | ९,०६६,८०५.५१ | २७४,२७०,८६७ | आयोजना स्थल |
| पूर्वधार | ४०,८२०,०९०.०० | - | ४०,८२०,०९०.०० | १,३०६,२४२.८८ | ३९,५१३,८४७ | आयोजना स्थल |
| जग्गा | ६६,५४४,२६९.०० | - | ६६,५४४,२६९.०० | २,१२९,४१६.६१ | ६४,४१४,८५२ | आयोजना स्थल |
| आयोजनाको कार्यालय भवन | ९,९९५,५५७.०० | - | ९,९९५,५५७.०० | ३१९,८५७.८२ | ९,६७५,६९९ | आयोजना स्थल |
| प्रसारण लाइन | ७९,७२७,८२१.०० | ६४४,६६५.०० | ८०,३७२,४८६.०० | २,५७१,९१९.५५ | ७७,८००,५६६ | आयोजना स्थल |
| सिभिल | ४१२,०४४,७७०.०० | ० | ४१२,०४४,७७०.०० | १३,१८५,४३२.६४ | ३९८,८५९,३३७ | आयोजना स्थल |
| **जम्मा** | **१,०४०,६८९,१२६.००** | **३९,३२६,४११.२३** | **१,०८०,०१५,५३७.२३** | **३४,५६०,४९७.१९** | **१,०४५,४५५,०४०.०४** | |
| **अन्य सम्पत्ति** | | | | | | |
| फर्निचर तथा फिक्सर | ४१,६२२.०० | - | ४१,६२२.०० | १०,४०५.५० | ३१,२१६.५० | आयोजना स्थल तथा कार्यालय |
| कार्यालय उपकरण | ११,६७५.२५ | - | ११,६७५.२५ | २,९१८.८१ | ८,७५६.४४ | आयोजना स्थल तथा कार्यालय |
| कम्प्युटर | १०७,३४३.०० | - | १०७,३४३.०० | २६,८३५.७५ | ८०,५०७.२५ | आयोजना स्थल तथा कार्यालय |
| सवारी साधान | १,७३१,५६६.४० | - | १,७३१,५६६.४० | ३४६,३१३.२८ | १,३८५,२५३.१२ | आयोजना स्थल तथा कार्यालय |
| अन्य सम्पत्ति | ६५२,५५२.६५ | - | ६५२,५५२.६५ | ९७,८८२.९० | ५५४,६६९.७५ | आयोजना स्थल तथा कार्यालय |
| **जम्मा सम्पत्ति** | **२,५४४,७५९.३०** | **-** | **२,५४४,७५९.३०** | **४८४,३५६.२४** | **२,०६०,४०३.०६** | |

नोट : माथि उल्लेखित सम्पूर्ण सम्पत्ति चालु अवस्थमा रहेको छ।

**(आ) बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** :

माथि उल्लेखित सम्पत्ती कम्पनीको आफ्नै नाममा रहेको छ। तथापी उत्पादन अनुमति पत्रको अवधि पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको छ।

**(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

आयोजनाका ऋण प्रदायक बैंक तथा वित्तीय सस्थाहरुसंग भएको सम्झौता बमोजिम कम्पनीको स्वामित्वमा भएको जग्गामध्ये ८० रोपनी जग्गा प्रमुख बैंक सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको नाममा धितोबन्धक राखिएको छ।

**(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ।

**(उ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**

परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रुपमा राखिएको छ र सोको पुर्नमूल्याङ्कन गरिएको छैन।

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको।

**(ए) अन्य विवरणहरु** (लागु हुने हदसम्म): सो नभएको।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(अ) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्रीप्तिका लागि चालिने समयवद्ध रणनीति :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ।

(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण विकास गर्ने

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।

(४) कम्पनीको प्रबन्ध पत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**(आ) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यावसायको भविष्य** : नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र माग बमोजिमको विद्युतबाट आपूर्ति नभएको अवस्था देखिन्छ । हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय कामको रुपमा लिने गरेको पाईन्छ । साथै विद्युत उत्पादन हुनु अगावै नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता भए पश्चात मात्र आयोजना निर्माण गरिने हुँदा यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहको देखिन्छ ।

विद्युत प्राधिकरणको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन बमोजिम नेपालमा आर्थिक वर्ष २०७७/७८ मा विद्युतको माग ८,९६०.३१ गिगावाट प्रति घण्टा रहेकोमा कुल उत्पादन जम्मा ६,१५४.५२ गिगावाट प्रति घण्टा उत्पादन गरिरहेको देखिनछ । सोही सन्दर्भमा यस कम्पनीले उत्पादन गरेको जलविद्युतले केहि मात्रामा सो कमीलाई पूर्ति गरिरहेको छ । यस कम्पनीले उत्पादन गरेको विद्युत राष्ट्रिय ग्रिड लाईनमा समेत जडान भइसकेको हुनाले दिर्घकाल सम्म यस कम्पनीले उत्पादन गरेको जलविद्युत पूर्ण रुपमा खपत हुने अवस्था रहेको छ । नेपालमा पनि विद्युतीय सामग्रीहरुको उयभोग गर्ने क्रम बढ्दै गईरहेकोले भविष्यमा विद्युतको माग बढ्ने सम्भावना रहेको हुनाले यस्ता आयोजनाहरुको भविष्य सुनिश्चित देखिन्छ । हालको अवस्थामा जलविद्युत आयोजनाहरुले उत्पादन गरेको विद्युत सुख्खा याममा मागभन्दा कम रहेको देखिन्छ भने वर्षा याममा नेपालमा खपत भन्दा बढी भएको विद्युत छिमेकी मुलुक भारतमा नेपाल विद्युत प्राधिकरण मार्फत बिक्री गरेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरु (क समुह) बाट मनोनित वा निर्वाचित | ३ (तीन) जना |
| सर्वसाधारण शेयरधनीहरु (ख समुह) को प्रतिनिधित्व गरी निर्वाचित | १ (एक) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालन | १ (एक) जना |
| **जम्मा** | **५ (पाँच) जना** |

यस कम्पनीको सञ्चालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ ।

सञ्चालकहरुको कार्यकाल बढीमा ४ (चार) वर्षको हुनेछ ।

यस कम्पनीको नियमावलीको नियम २८ मा कम्पनीको संचालक हुनको लागि निम्न अनुसारको व्यवस्था रहेको छ ।

क) "क" समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

ख) "ख" समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्छ ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पूजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु. ६०,००,००,०००/- (अक्षरेपी साठी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी** : यस कम्पनीको तत्काल जारी पूँजी रु ५३,६४,८६,०००/- (अक्षरेपी त्रिरपन्न करोड चौसठी लाख छयासी हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ५३,६४,८६० थान शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु ३७,५५,४०,२००/- (अक्षरेपी सैंतिस करोड पचपन्न लाख चालीस हजार दुई सय मात्र) रहेको छ । जसलाई रु.१००/– का दरले ३७,५५,४०२ थान शेयरमा विभाजन गरिएको छ ।

यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रु.१६,०९,४५,८००/- (अक्षरेपी सोह्र करोड नौ लाख पैतालीस हजार आठ सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १,६०,९,४५८ कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी ३७,५५,४०,२००/- (अक्षरेपी सैंतिस करौड करोड पचपन्न लाख चालीस हजार दुई सय मात्र) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| **विवरण** | **आ.व.२०७६/०७७** | **आ.व.२०७७/७८** | **आ.व.२०७८/७९** |
|---|---|---|---|
| अधिकृत पूँजी (रु.) | २५,००,००,००० | ४७,००,००,००० | ६०,००,००,००० |
| जारी पूँजी (रु.) | २०,००,००,००० | ४७,००,००,००० | ५३,६४,८६,००० |
| चुक्ता पूँजी (रु.) | ५,००,००,००० | ३७,५५,४०,२०० | ३७,५५,४०,२०० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ

| **समूह** | **विवरण** | **साधारण शेयर संख्या** | **पूँजी संरचना** | **चुक्ता रकम** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३७,५५,४०२ | ७०% | ३७,५५,४०,२०० | शतप्रतिशत भुक्तानी भएको |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी/स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपाली सहित) | १६,०९,४५८ | ३०% | १६,०९,४५,८०० | निष्काशन पश्चात शतप्रतिशत भुक्तानी हुने |
| | **जम्मा** | **५३,६४,८६०** | **१००%** | **५३,६४,८६,०००** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**क.संस्थापक/सञ्चालकको पृष्ठभूमि :**

**(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण :**

| **क्र. सं.** | **नाम, ठेगाना** | **पद** | **उमेर** | **राष्ट्रियता** | **शेयर स्वामित्व** | **शैक्षिक योग्यता** | **अनुभव (सम्बन्धी) जलविद्युत क्षेत्रको** | **अनुभव (अन्य क्षेत्रको)** |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री राजेन्द्र प्रसाद गौतम का.म.ना.पा-३१,काठमाडौं | संस्थापक शेयरधनी | ६६ | नेपाली | ४,७६,३३३ | स्नातक-अर्थशास्त्र | विभिन्न कम्पनीहरुमा संचालक तथा अध्यक्षको पदमा रही कार्य सम्पादन गर्नु भएको ।<br>पूर्व संचालक :<br>मिडसोलु हाइड्रोपावर लि. | **पूर्व**<br>(१) सरकारी सेवामा ३० वर्ष भन्दा बढी राजश्व अधिकृतको रुपमा कार्य अनुभव ।<br>(२) कृषि विकास बैंक लिमिटेडमा ६ वर्ष भन्दा बढीको कार्यअनुभव ।<br>(३) नेपाल विद्युत प्रविधिकरणमा २ वर्षको कार्यअनुभव । |
| २ | श्री सौरभ अर्ज्याल का.म.ना.पा-३१,काठमाडौं | संस्थापक शेयरधनी | ३९ | नेपाली | ५,३८,९५७ | स्नाकोत्तर | (१) बुटवल पावर कम्पनी लिमिटेडमा सेप्टेम्बर १४, २०११ देखि डिसिम्बर ३१, २०११ सम्मा मानव संसाधन विभागमा कार्य सम्पादन गर्नु भएको ।<br><br>हालको विवरण:<br>संचालक-भूगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेड । | .१. टि मोबाइल रेडीङ क्यालीफोनीया, युएसए मा मानव संसाधन विभागमा कार्य गरेको (अगष्ट ८,२००९ देखी अक्टोबर २, २०१० सम्म)<br>२. प्रबन्धक : ग्लोबल सेलुलर सेलेरिस टेक्सास, युएसए (जुलाई २, २००८ देखी फेब्रुअरी ५,२००९ सम्म)<br>३. अनुसन्धान सहयोगी : हुडेक प्र.लि (मे १, २००३ देखी अप्रिल ३०,२००४ सम्म)<br>४. बिक्री र मार्केटिङ एसोसिएट : शहिद इन्टरप्रईज प्रा.लि. बेङ्गलोर, भारत (मार्च २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २००० देखी फेब्रुअरी २५,२००३ सम्म)<br>५. अनुसन्धान अधिकृत : सामाजिक परिचालन ( गठबन्धन नेपाल) ( जनवरी १०, २०११ देखी सेप्टेम्बर २०११ सम्म)<br>६. निर्देशक : निस्ठा सुबिधा, हिमालयन रिसोर्ट्स र स्पा प्र.लि. । |
| ३ | श्री केदार नाथ पौडेल<br>गोकर्णेश्वर -०५,काठमाडौं | संस्थापक शेयरधनी | ४४ | नेपाली | ३,८०,५३७ | स्नातक | हाइड्रोपावर डेभलपमेण्ट क्षेत्रमा विगत लामो समय देखि आवद्ध रहनु भएको । | - |
| ४ | श्री डा. विमल प्रसाद कोइराला<br>ग.वि.स.-६,भोजपुर | संस्थापक शेयरधनी | ६६ | नेपाली | ८९,३३८ | पि.एच.डी, | - | पूर्व सरकारी कर्मचारी । |
| ५ | श्री कुमार कार्की<br>थुम्पाखर-०१,सिन्धुपाल्चोक | संस्थापक शेयरधनी | ६२ | नेपाली | ९८,४७६ | प्रमाण पत्र तह | - | पूर्व सरकारी कर्मचारी |
| ६ | श्री मिरा गौतम<br>बिराटनगर-०२, मोरङ | अध्यक्ष | ६४ | नेपाली | ४,३९,६९४ | एस्.एल.सि. | विगत लामो समयदेखि विभिन्न जलविद्युत क्षेत्रका कम्पनीहरुमा प्रत्यक्ष संलग्न भई संस्थापक शेयरधनीको रुपमा लगानी गर्दै आउनु भएको ।<br>संस्थापक शेयरधनी - भुगोल इनर्जि डेभलपमेन्ट क.लि.<br>संस्थापक शेयरधनी - मिडसोलु हाईड्रोपावर क.लि.<br>संस्थापक शेयरधनी - सगरमाथा हाईड्रोपावर क.लि.<br>संस्थापक शेयरधनी - शैलुङ्ग पावर क.लि. | भुगोल कन्ट्रक्सन प्रा.लि. तथा थ्रि फेस कन्ट्रक्सन प्रा.लि.मा आवद्ध रहनु भएको । |
| ७ | श्री गिता पोखेल<br>बिराटनगर-१५, मोरङ | संस्थापक शेयरधनी | ४२ | नेपाली | ९९,००० | स्नातक | - | व्यापार व्यवसायमा आवद्ध । |
| ८ | श्री अच्युत गौतम<br>बिराटनगर-१, मोरङ | संस्थापक शेयरधनी | २९ | नेपाली | ८७,२१० | एम.बि.ए. | - | कृषिमा आवद्ध । |
| ९ | श्री मिना कुमारी अग्रवाल<br>का.म.ना.पा-२५, काठमाडौं | संस्थापक शेयरधनी | २८ | नेपाली | २,८०,८०० | प्रमाण पत्र तह | - | व्यापार व्यवसायमा आवद्ध । |
| १० | श्री महेश राज गौतम<br>बिराटनगर-१, मोरङ | संस्थापक शेयरधनी | ६१ | नेपाली | ९८,००० | पिएचडी | - | इन्जिनियरिङ्ग |
| ११ | श्री क्या रञ्जन कुमार शर्मा<br>वर्डा-३१, काठमाडौ | संस्थापक शेयरधनी | ४८ | नेपाली | ६१,६६४ | स्नातकोत्तर | हाइड्रोपावर डेभलपमेण्ट क्षेत्रमा विगत लामो समय देखि आवद्ध रहनु भएको । | हाल प्रमुख पाईलट तथा परिचालक निर्देशन बुद्ध एयर। |
| १२ | श्री क्या. सुनिल गुरुङ | संस्थापक शेयरधनी | ४४ | नेपाली | ६१,६६४ | स्नातकोत्तर | - | पाईलट तथा परिचालक निर्देशन |
| १३ | श्री रञ्जन सुवेदि<br>वर्डा-३१, काठमाडौ | संस्थापक शेयरधनी | ४५ | नेपाली | ६१,६६४ | बि.ए. | - | पाईलट तथा परिचालक निर्देशन |
| १४ | श्री सुवर्ण खरेल<br>वर्डा-३१,काठमाडौ | संस्थापक शेयरधनी | २८ | नेपाली | ६१,६६४ | स्नातक | - | म्यानेजर, बुद्ध एयर प्रा. लि.मा |
| १५ | श्री सकुन्तला बोगटी<br>बाह्रबिसे-०९, सिन्धुपाल्चोक | संचालक | ३८ | नेपाली | १,५०,००० | स्नातक (अर्धशास्त्र) | विभिन्न जलविद्युत क्षेत्रका कम्पनीहरुमा संस्थापक शेयरधनीको रुपमा लगानी गर्दै आउनु भएको । | मिति २०७८ देखि मिति २०७७ सम्म अस्मिता विजनेस प्रा.लि.मा संचालक रहनु भएको । |
| १६ | श्री सिता कार्की<br>सुनकोशी-०३, सिन्धुपाल्चोक | संस्थापक शेयरधनी | ४२ | नेपाली | ७४,००० | प्रमाण पत्र तह | - | बैकिङ्ग क्षेत्रमा आवद्ध । |
| १७ | श्री रामचन्द्र तिमल्सिना<br>वर्डा-३१, काठमाडौ | संस्थापक शेयरधनी | ४७ | नेपाली | ६०,००० | प्रमाण पत्र तह | - | विभिन्न व्यवसायमा आवद्ध । |

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम/ठेगाना | पद | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मिरा गौतम,<br>बिराटनगर-०२,<br>मोरङ । | अधक्ष्य | नेपाली | ६४ | ४,३९,६९४ | प्रमाण पत्र तह | विगत लामो समयदेखि विभिन्न जलविद्युत क्षेत्रका कम्पनीहरुमा प्रत्यक्ष संलग्न भई संस्थापक शेयरधनीको रुपमा लगानी गर्दै आउनु भएको । | (क) मिति २०७६ देखि मिति २०७८ सम्म भुगोल कन्ट्रक्सन प्रा.लि.मा लेखा शाखामा कार्य गर्नु भएको । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | (क) संस्थापक शेयरधनी - भुगोल इनर्जि डेभलपमेन्ट क.लि.<br>(ख) संस्थापक शेयरधनी - मिडसोलु हाईड्रोपावर क.लि.<br>(ग) संस्थापक शेयरधनी - सगरमाथा हाईड्रोपावर क.लि.<br>(घ) संस्थापक शेयरधनी - शैलुङ्ग पावर क.लि. | (ख) संस्थापक शेयरधनी थ्रि फेज कन्ट्रक्सन प्रा.लि.। |
| २ | श्री सकुन्तला बोगटी,<br>बाह्रबिसे-०९,<br>सिन्धुपाल्चोक । | सञ्चालक | नेपाली | ३८ | १,५०,००० | स्नातक (अर्थशास्त्र) | विभिन्न जलविद्युत क्षेत्रका कम्पनीहरुमा संस्थापक शेयरधनीको रुपमा लगानी गर्दै आउनु भएको । | मिति २०७७ देखि मिति २०७८ सम्म अस्मिता विजनेस प्रा.लि.मा संचालक रहनु भएको । |
| ३. | क्या. मेनिट के.सी. दाहाल, वडा नं. ३१, काठमाण्डौ | सञ्चालक | नेपाल | ३२ | ३०,८३२ | स्नातकोत्तर | जलविद्युत कम्पनीहरुमा संस्थापक शेयरधनीको रुपमा लगानी गर्दै आउनु भएको । | सन २०१२ देखि हालसम्म बुद्ध एयरमा सिनियर पाईलट (ATR 42/72 500) रहनु भएको । |

नोटः हाल स्वतन्त्र संचालकको समेत पद रिक्त रहेको छ । साथै यस कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको।

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं. | नाम/ठेगाना | संक्षिप्त विवरण | सञ्चालकको नाम तथा ठेगाना | शेयर स्वामित्व (कित्ता) | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | सम्राट इन्भेष्टमेन्ट प्रा.लि.<br>का.म.ना.प-२२,<br>काठमाडौं | विभिन्न क्षेत्रमा लगानी गर्ने | अध्यक्ष : होम नाथ तिमिल्सेना, जुगल गा.पा. वडा नं. ५, सिन्धुपाल्चोक ।<br>संचालक : रामसरण कार्की, बाह्रविसे न.पा. वडा नं. ३, सिन्धुपाल्चोक ।<br>संचालक : रजन बस्नेत, सुनकोशी गा.पा. वडा नं. ६, सिन्धुपाल्चोक ।<br>संचालक : उद्धव पौडेयल, बाह्रबिसे न.पा. वडा नं. ९, सिन्धुपाल्चोक ।<br>संचालक : दुर्गा प्रसाद अधिकारी, बर्दिबास न.पा. वडा नं. २, सर्लाही । | ४०,००० | ०.७५ |

**(३) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | नाम | आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण |
|---|---|---|
| १. | श्रीमती मिरा गौतम् | (क) संस्थापक शेयरधनी - भुगोल इनर्जि डेभलपमेन्ट क.लि., नयाँ बानेश्वर, काठमाण्डौ ।<br>(ख) संस्थापक शेयरधनी - मिडसोलु हाईड्रोपावर क.लि., नयाँ बानेश्वर, काठमाण्डौ ।<br>(ग) संस्थापक शेयरधनी - सगरमाथा हाईड्रोपावर क.लि., थापागाँउ, काठमाण्डौ ।<br>(घ) संस्थापक शेयरधनी - शैलुङ्ग पावर क.लि., फोरस्क्वयर कम्पेलेक्स, काठमाण्डौ ।<br>(ङ) संस्थापक शेयरधनी थ्रि फेज कन्ट्रक्सन प्रा.लि., चक्रपथ, काठमाण्डौ । |

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको ।

**(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्व स्वीकृती नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

ख) आफ्नो नाममा रहेका शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीहरुले संचालक समितिमा लिखित रुपमा जानकारी गराउनुपर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्रि गर्न लागेको भए आफूले बिक्रि गर्न चाहेको शेयरको मुल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितो बापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति खुलाउनुपर्नेछ ।

ग) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक संगठीत संस्थाका

कर्मचारी तथा आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोवार :**

**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सूविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

कम्पनीको सञ्चालकहरुको लागि सञ्चालक समितिको बैठक भत्ता, पारिश्रमिक, दैनिक भत्ता तथा अन्य कुनै सुविधा नरहेको । संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा कम्पनीले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैनन् ।

**(आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** लागु नहुने ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :** यस कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | नियुक्ती मिति | पद | शैक्षिक योग्यता | अनुभव तथा हाल जिम्मेवारी | शेयर संख्या | अन्य संस्थामा लगानी (शेयर संख्या) |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सन्तन कुमार अर्ज्याल, | २०७९/०७/०२ | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर-अर्थशास्त्र | (क) हेल्भेटास नेपालमा सन् १९८९ फेब्रुअरी देखि २०१० डिसेम्बर ३१ सम्म बरिष्ठ क्षेत्रिय कार्यक्रम संयोजक रही कार्य गर्नु भएको । (ख) सन २०११ देखि विभिन्न हाइड्रोपावर कम्पनीहरुमा सल्लाहकारको रुपमा कार्य गर्दै आउनु भएको । | - | भुगोल इनर्जी डेभलपमेण्ट कम्पनी - १०,००० कित्ता |
| २ | श्री प्रकाश कुमार मण्डल | २०७४/०७/१० | परियोजना प्रबन्धक | वि.ई | विगत लामो समय देखि जलविद्युत क्षेत्रमा आवद्ध रहनु भएको । | - | - |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण:** सो नभएको ।

**(आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्न भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**(इ) कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :**

| क्र.सं. | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १० | ३ | ८ | - | - | - | २१ |

**ग.७.ख. सञ्चालक एवम् उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा:**

सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार हुने व्यवस्था रहेको । हालसम्म साधारण सभाले उक्त सुविधा निर्धारण नगरेको ।

**(आ) उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

| क्र.स | कर्मचारीको नाम | पद | वार्षिक पारिश्रमीक (आ.व. २०७८/०७९ को अपरिस्कृत) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सन्तन कुमार अर्ज्याल | प्रमुख कार्यकारी अधिकृत | - | मिति २०७९/०७/०२ गते नियुक्ती भएको । |
| २ | श्री प्रकाश कुमार मण्डल | परियोजना प्रबन्धक | १०,३२,०००/- | |

**(इ) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको

**ग.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**
**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**
**संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् :**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**
आयोजना सम्पन्न भई विद्युत उत्पादन गरि नियमित रुपमा बिक्री समेत सुरु भईसकेको हुँदा वित्तीय साधानको अभावबाट उत्पन्न हुने जोखिम नरहेको ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :** पदम खोलाको जलाधार क्षेत्रमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन घट्न सक्ने ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य वृद्धि** (Cost Overrun) **को जोखिम :** आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको ।

**(ङ) विदेशी विनिमयको जोखिमः** विदेशी विनिमयको जोखिम नरहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** आवश्यक सम्पूर्ण अनुमति वा इजाजत प्राप्त भैसकेको र आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण** (Globalization) **का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा सिर्जना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव :** मिति २०६९/१२/२५ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा **दोल्ती पावर कम्पनी**को नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७८/०३/३१ मा पव्लिक लिमिटेड कम्पनीमा परिणत भई **दोल्ती पावर कम्पनी** को नाममा कारोबार संचालन गर्दै आएको कम्पनीको संचालन इतिहास करिव ९ वर्ष भन्दा बढीको रहेको छ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**

- प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान भइसकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बिमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून रहेको छ ।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
- प्राकृतिक प्रकोपको तथा कावुबाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।
- विद्युत उत्पादन अनुसारको बजार विस्तार हुन नसकेको अवस्थामा उत्पादित विद्युत खेर जाने जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं। सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।

उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ। कम्पनीको संभावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्स्योरेन्स कम्पनीहरुमा निम्न रकम बराबरको बिमा गरिएको छ।

| **विमा कम्पनीको नाम** | **जोखिमको किसिम** | **विमाङ्क रकम (रु.)** | **प्रिमियमको रकम** | **प्रिमियमको रकम भुक्तानी मिति** | **वाहाल रहने अवधि** |
|---|---|---|---|---|---|
| अजोड इन्स्योरेन्स लि. | मेसिनरी ब्रेक डाउन | १२,७८,८६,८८७ | ११,५१,००१.९८ | १५/१२/२०२१ | १६/१२/२०२२ |
| अजोड इन्स्योरेन्स लि. | सम्पत्तिको नाफामा नोक्सानी बिमा | १२,४१,२१,००० | ५,५८,५६४.५० | २३/१२/२०२१ | २२/१२/२०२२ |
| अजोड इन्स्योरेन्स लि. | प्रोजेक्ट बिमा | ८२,३७,५०,९९५ | १७,२२,०७४.०५ | १७/१२/२०२१ | १६/१२/२०२२ |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**(अ) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरणः**

यस कम्पनीको आ.व. २०७८/७९ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (आषाढ ३२, २०७९)**

| विवरण | रकम रु. (हजारमा) |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | २,०६० |
| अमुर्त सम्पत्ति | १०,४५,४५५ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१०,४७,५१५** |
| **चालु सम्पत्ति** | |
| व्यापार तथा अन्य प्राप्यहरु | ३९,५०९ |
| अग्रिम भुक्तानी र निक्षेप | २,१७२ |
| नगद तथा नगद बराबर | २१ |
| **जम्मा चालु सम्पत्ति** | **४१,७०२** |
| **जम्मा सम्पत्ति** | **१०,८९,२१८** |
| **इक्विटी** | |

| | |
|---|---|
| शेयर क्यापिटल | ३,७५,५४० |
| जगेडा | (४७,७५३) |
| **जम्मा इक्विटी** | **३,२७,७८८** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| ऋण तथा उधारो | ५,५०,१२३ |
| **स्थिगित कर तथा दायित्वहरु** | |
| **जम्मा गैर चालु दायित्व** | **५,५०,१२३** |
| **चालु दायित्व** | |
| ऋण तथा उधारो | १,९०,७७८ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | २०,५२९ |
| आयकर दायित्व | |
| कर्मचारी लाभ दायित्व | |
| व्यवस्था (Provision) | |
| **जम्मा चालु दायित्व** | **२,११,३०७** |
| **जम्मा दायित्व** | **७,६१,४३०** |
| **जम्मा इक्विटी र दायित्व** | **१०,८९,२१८** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९)**

| **विवरण** | **रु. (हजारमा)** |
|---|---|
| सञ्चालन आम्दानी | ९७,७५३ |
| अन्य आम्दानी | ५२,२४० |
| **जम्मा आम्दानी** | **१,४९,९९३** |
| **खर्चहरु** | |
| सञ्चालन खर्च | ११,०९० |
| प्रशासकीय खर्चहरु | १,६८४ |
| ह्रास कट्टी (Depreciation) | ४८४ |
| संस्थागत सामजिक उत्तरदायित्व अन्तर्गतको खर्च | ६९ |
| परिषोधन (Amortizaion) | ३४,५६० |
| **सञ्चालन मुनाफा/नोक्सान** | **१,०२,१०५** |
| ब्याज/वित्तिय खर्च | ९५,१७५ |
| **कर अघिको मुनाफा/नोक्सान** | **६,९२९** |
| कर्मचारी बोनश | **१३९** |
| **कर अघिको मुनाफा/नोक्सान** | **६,७९१** |
| **खुद मुनाफा/नोक्सान** | **६,७९१** |

**नोट :**

अन्य आम्दानी शीर्षक अन्तर्गत रु.५,२२,३९,९३३/- रहेको र उक्त रकम मध्ये रु. ३,५९,२०,०९४/- तत्कालिन कम्पनीका अध्यक्ष श्री राजेन्द्र प्रसाद गौतम तथा रु.२३,५५,८००/- तत्कालिन कम्पनीका संचाल श्री सौरभ अर्ज्याललाई भुक्तानी गर्नुपर्ने रकम नीजहरुको सहमतिमा कम्पनीले फिर्ता भुक्तानी गर्नुपर्ने दायित्वबाट हाटई आम्दानी लेखाङकन गरिएको छ भने रु.१,३९,६४,०३९ आम्दानी नेपाल विद्युत प्राधिकरणसंग Forced Outage बापत माग दावी गरिएको रकम हो ।

**नगद प्रवाह विवरण (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९)**

| **विवरण** | **रु.(हजारमा)** |
|---|---|
| संचालन गतिविधिको नगद प्रवाह | |
| आयकर अगाडिको खुद नाफा/नोक्सा | ६,७९१ |
| जोड्ने | |
| ह्रास कट्टी | ४८४ |
| परिषोधन | ३४,५६० |
| वित्तिय खर्च | ९५,१७५ |
| विदेशी मुद्रा विनिमय नाफा (घाटा) | |

| | |
|---|---|
| ब्याज खर्च | |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **१,३७,०११** |
| व्यापार तथा अन्य प्राप्यहरुमा भएको कमी/(बृद्धि) | (१९,४५७) |
| अग्रिम भुत्तानि रकम र निक्षेपमा भएको बृद्धि/(कमी) | ४७,९३९ |
| व्यापारिक तथा अन्य तिर्नबाँकीमा भएको बृद्धि/(कमी) | (२६,७८८) |
| अन्य दायीत्व मा बृद्धि/(कमी) | - |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,३८,७०५** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **१,३८,७०५** |
| स्थिर सम्पत्ति खरीद/बिक्री | (३९,३२६) |
| अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | **(३९,३२६)** |
| शेयर पूँजीको निष्काशन | |
| अग्रिम शेयर पूँजीमा भएको बृद्धि/(कमी) | |
| ब्याज भुक्तानी | (९५,१७५) |
| लाभांश वितरण | |
| अन्य उधारो र भुक्तानीबाट आय | (४,३१६) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **(९९,४९१)** |
| **नगदमा भएको कुल बृद्धि/कमी** | **(११२)** |
| **बर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **१३४** |
| **बर्षान्तमा नगद तथा बैंक मौज्दात** | **२१** |

**नोट :** कम्पनीको आ.व. २०७७/७८ को लेखापरीक्षकले Qualified Opinion जारी गर्नुको मुख्य कारण भनेको कम्पनीले ३२.७५ वर्षभित्र सम्पत्तिको Amortized गरेको छ । तर नेपाल विद्युत प्राविधिकरणसंग भएको विद्युत खरिद बिक्री सम्झौता बमोजिम आयोजनाको अवधि सम्झौता पत्र अनुसार व्यावसायिक संचालन मितिदेखि ३० वर्षसम्म वा जेनेरेश्न इजाजतपत्र अनुसार जुन कम हुन्छ त्यो अवधिसम्म मान्य हुनेछ भन्ने व्यहोरा उल्लेख भएको हुँदा अमुर्त सम्पत्तिहरु ३२.७५ वर्षको सट्टा ३० वर्षमा Amortize हुनुपर्ने ।

**(आ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान, नगद प्रवाह सहितको संक्षिप्त वित्तीय विवरण :**

कम्पनीको लेखापरीक्षण भएको विगत तीन वर्षको वित्तीय विवरण निम्न बमोजिम रहेको छ ।

**वासलात**

| **पूँजी तथा दायित्व** | **वास्तविक (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **आ.व. २०७६/०७७** | **आ.व. २०७७/०७८** | **आ.व. २०७८/०७९** |
| शेयर पूँजी | ५,००० | ३,७५,५४० | ३,७५,५४० |
| शेयर आवेदन | - | - | - |
| जगेडा तथा कोषहरु | ३,३७,२८७ | (५४,५४३) | (४७,७५३) |
| **जम्मा** | **३,४२,२८७** | **३,२०,९९७** | **३,२७,७८८** |
| दिर्घकालीन ऋण र उधारो | ७२७,२५० | ७०६,७५० | ५,५०,१२३ |
| अल्पकालीन ऋण र उधारो | २०,८४१ | ३८,४६७ | १,९०,७७८ |
| व्यापारिक तथा अन्य तिर्नबाँकी | १८,९६३ | ४७,३१७ | २०,५२९ |
| अल्पकालीन ऋण | - | - | |
| कर्मचारी लाभ दायीत्व | १४९ | - | |
| **जम्मा चालु दायित्व** | **३९,९५३** | **८५,७८४** | **२१,१३,०७** |
| **जम्मा दायित्व** | **७,६७,२०३** | **७,९२,५३४** | **७,६१,४३०** |
| **कुल पूँजी तथा दायित्व** | **१,१०९,४९०** | **१,११३,५३१** | **१,०८९,२१८** |

| **सम्पत्ति** | **वास्तविक (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **आ.व. २०७६/०७७** | **आ.व. २०७७/०७८** | **आ.व. २०७८/०७९** |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | ३,१४६ | २,५४५ | २,०६० |
| संचित मुल्यह्रास | - | - | |
| अमूर्त सम्पत्ति | ९,३३,३८७ | १,०४०,६८९ | १०,४५,४५५ |

| | | | |
|---|---|---|---|
| व्यापार तथा अन्य प्राप्ति | १२,३६२ | २०,०५२ | ३९,५०९ |
| अग्रिम भुक्तानी र निक्षेप | १६०,५४२ | ५०,१११ | २,१७२ |
| नगद र नगद बराबर | ५२ | १३४ | २१ |
| **जम्मा चालु सम्पत्ति** | **१,७२,९५७** | **७०,२९७** | **४१,७०२** |
| **कुल सम्पत्ति** | **१,१०९,४९०** | **१,११३,५३१** | **१०,८९,२१८** |

**नाफा नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु.मा) | | |
|---|---|---|---|
| | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
| सञ्चालन आम्दानी | ३८,७६८ | ६७,७७८ | ९७,७५३ |
| अन्य आम्दानी | – | २,०१० | ५२,२४० |
| **जम्मा आम्दानी** | **३८,७६८** | **६९,७८८** | **१,४९,९९३** |
| **खर्चहरु** | | | |
| सञ्चालन खर्च | ३,९४३ | ३,८२६ | ११,०९० |
| प्रशासकीय खर्चहरु | ३,७८३ | ७,५१४ | १,६८४ |
| ह्रास कट्टी (Depreciation) | ७४८ | ६०२ | ४८४ |
| संस्थागत सामाजिक उत्तर दायित्वको खर्च | | | ६९ |
| परिषोधन (Amortizaion) | ७,१६२ | ३४,०७६ | ३४,५६० |
| **सञ्चालन मुनाफा/नोक्सान** | **२३,१३१** | **२३,७७१** | **१,०२,१०५** |
| ब्याज/वित्तिय खर्च | २१,७८७ | ६६,०६० | ९५,१७५ |
| **कर अघिको मुनाफा/नोक्सान** | **१,३४५** | (४२,२८९) | **६,९२९** |
| **कर्मचारी बोनश** | **-** | **-** | **१३९** |
| **कर अघिका मुनाफा/नोक्सान** | **१,३४५** | (४२,२८९) | **६,७९१** |
| **कुल मुनाफा/नोक्सान** | **१,३४५** | (४२,२८९) | **६,७९१** |

**नगद प्रवाह**

| विवरण | वास्तविक (रु.मा) | | |
|---|---|---|---|
| | आ.व. २०७६/०७६ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | |
| **आयकर अगाडिको खुद नाफा/नोक्सा** | **१,३४५** | **(४२,२८९)** | **६,७९१** |
| जोड्ने | - | - | |
| ह्रास कट्टी | ७४८ | ६०२ | ४८४ |
| परिषोधन | ७,१६२ | ३४,०७६ | ३४,५६० |
| वित्तिय खर्च | २१,७८७ | ६६,०६० | ९५,१७५ |
| विदेशी मुद्रा विनिमय नाफा (घाटा) | - | - | - |
| ब्याज खर्च | - | - | - |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **३१,०४१** | **५८,४४९** | **१,३७,०११** |
| व्यापार तथा अन्य प्राप्यहरुमा भएको कमी/(बृद्धि) | (१००,९३०) | (७,६९०) | (१९,४५७) |
| अग्रिम भुक्तानि रकम र निक्षेपमा भएको बृद्धि/(कमी) | ८३,२६७ | १,१०,४३१ | ४७,९३९ |
| व्यापारिक तथा अन्य तिर्न बाँकीमा भएको बृद्धि/(कमी) | - | २८,३५४ | (२६,७८८) |
| अन्य दायित्व मा बृद्धि/(कमी) | - | (१४९) | |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१३,३७९** | **१,८९,३९५** | **१,३८,७०५** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **१३,३७९** | **१,८९,३९५** | **१,३८,७०५** |
| स्थिर सम्पत्ति खरीद/ बिक्रि | (९०३,०२६) | - | |
| WIP मा (थप)/घट | ६५६,९६६ | - | |
| अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | - | (१,४१,३७९) | (३९,३२६) |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(२४६,०६०)** | **(१४१,३७९)** | **(३९,३२६)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | | | |
| शेयर पूँजीको निष्काशन | - | (३,४९,५४१) | – |

| | | | |
|---|---|---|---|
| अग्रिम शेयर पूँजीमा भएको बृद्धि/(कमी) | ३०,४९४ | ३,७०,५४० | - |
| ब्याज भुक्तानी | (२१,७८७) | (६६,०६०) | (९५,१७५) |
| लाभांश वितरण | - | - | |
| अन्य उधारो र भुक्तानीबाट आय | २२३,२४५ | (२,८७४) | (४,३१६) |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **२३१,९५२** | **(४७,९३५)** | **(९९,४९१)** |
| **नगदमा भएको कुल बृद्धि / कमी** | **(७२९)** | **८१** | **(११२)** |
| **बर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **७८२** | **५२** | **१३४** |
| **बर्षान्तमा नगद तथा बैंक मौज्दात** | **५२** | **१३४** | **२१** |

**(इ) आर्थिक वर्ष समाप्त भएको ३ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि व्यवस्थापन बाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** कम्पनीको आ.व. २०७९/८० को दोश्रो त्रैमाससम्मको व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण निम्न बमोजिम रहेको छ।

**वासलात (पौष मसान्त, २०७९)**

| **विवरण** | **रकम रु. (हजारमा)** |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | १,८६५ |
| अमुर्त सम्पत्ति | १०,२८,१७५ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१०,३०,०४०** |
| **चालु सम्पत्ति** | |
| व्यापार तथा अन्य प्राप्यहरु | ३६,२५८ |
| नगद तथा नगद बराबर | ४०२ |
| अन्य चालु सम्पत्ति | ५१,९७६ |
| **जम्मा चालु सम्पत्ति** | **८८,६३७** |
| **जम्मा सम्पत्ति** | **११,१८,६७७** |
| **इक्विटी** | |
| शेयर क्यापिटल | ३,७५,५४० |
| जगेडा | (६४,२५५) |
| **जम्मा इक्विटी** | **३,११,२८५** |
| **दायित्व** | |
| **गैर चालु दायित्व** | |
| ऋण तथा उधारो | ६,१०,१२३ |
| **जम्मा गैर चालु दायित्व** | **६,१०,१२३** |
| **चालु दायित्व** | |
| ऋण तथा उधारो | १,७७,३७० |
| व्यापारिक तथा अन्य तिर्नबाँकी | १६,७५२ |
| आयकर दायित्व | ६५५ |
| कर्मचारी लाभ दायित्व | - |
| अन्य चालु दायित्व | २,४९१ |
| **जम्मा चालु दायित्व** | **१,९७,२६९** |
| **जम्मा दायित्व** | **८,०७,३९२** |
| **जम्मा इक्विटी र दायित्व** | **११,१८,६७७** |

**नाफा-नोक्सान हिसाब (पौष मसान्त, २०७९)**

| **विवरण** | **रु. (हजारमा)** |
|---|---|
| सञ्चालन आम्दानी | २०,६१७ |
| बिक्री लागत | १,८६२ |
| **जम्मा आम्दानी** | **१८,७५५** |

| **खर्चहरु** | |
|---|---|
| कर्मचारी लाभ खर्च | ९४५ |
| प्रशासकीय खर्चहरु | ७० |
| ह्रास कट्टी (Depreciation)/परिषोधन (Amortizaion) | ८,७३८ |
| **व्याज र कर अधिको खुद मुनाफा/नोक्सान** | **९,००२** |
| व्याज/वित्तिय खर्च | २५,९३८ |
| **बोनश र कर अधिको मुनाफा/नोक्सान** | **(१६,९३६)** |
| कर्मचारी बोनश | - |
| **कर अधिको मुनाफा/नोक्सान** | **(१६,९३६)** |
| **कर पछिको खुद मुनाफा/नोक्सान** | **(१६,९३६)** |

**(ई) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

**(उ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोवार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको

**(ऊ) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :** सो नभएको ।

**(ए) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको किताबी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

**(ऐ) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| **विवरण** | **प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **आ.व.२०७९/०८०** | **आ.व. २०८०/०८१** | **आ.व. २०८१/०८२** |
| **सम्पत्ति** | | | |
| **गैह चालु सम्पत्ति** | | | |
| सम्पति, मेशिनरी तथा उपकरण | १,६७० | १,३५५ | १,१०१ |
| अमूर्त सम्पत्ति | १०,१०,८९५ | ९,७६,३३४ | ९,४१,७७४ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१०,१२,५६५** | **९,७७,६८९** | **९,४२,८७४** |
| **चालु सम्पत्ति** | | | |
| व्यापार र अन्य प्राप्तिहरु | ४५,७४१ | ४६,३५७ | ४६,९७३ |
| अग्रिम भुक्तानी र निक्षेप | १,२६४ | १,८५२ | २,१०३ |
| नगद तथा नगद बराबर | २९,१४९ | ६६,१०३ | ९७,९६७ |
| **जम्मा चालु सम्पत्ति** | **७६,१५३** | **१,१४,३१२** | **१,४७,०४३** |
| **जम्मा सम्पत्ति** | **१०,८८,७१८** | **१०,९२,००१** | **१०,८९,९१७** |
| **इक्विटी** | | | |
| शेयर पुँजी | ५,३६,४८६ | ५,३६,४८६ | ५,३६,४८६ |
| जगेडा तथा कोषहरु | (३५,८२८) | (१५,८००) | ९,८१५ |
| **जम्मा इक्विटी** | **५,००,६५८** | **५,२०,६८६** | **५,४६,३०१** |
| **दायीत्व** | | | |
| **गैह चालु दायित्व** | | | |
| ऋण तथा उधारो | ५,३४,००४ | ५,०७,१५४ | ४७३,१५४ |
| **जम्मा गैह्र चालु दायित्व** | **५,३४,००४** | **५,०७,१५४** | **४७३,१५४** |
| **चालु दायीत्व** | | | |
| ऋण तथा उधारो | ३५,८५० | ४६,८५० | ५४,००० |
| व्यापार तथा अन्य भुक्तानी | १८,२०५ | १७,३११ | १६,४६२ |
| आयकर दायित्व | - | - | - |
| कर्मचारीलाभ भुक्तानी | - | - | - |

| | | | |
|---|---|---|---|
| व्यवस्था | - | - | - |
| **जम्मा चालु दायित्व** | **५४,०५५** | **६४,१६१** | **७०,४६२** |
| **जम्मा दायित्व** | **५,८८,०५९** | **५,७१,३१५** | **५,४३,६१६** |
| **जम्मा इक्विटी र दायित्वहरु** | **१०,८८,७१७** | **१०,९२,००१** | **१०,८९,९१७** |

**नाफा नोक्सान हिसाब**

| **विवरण** | **प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१ /०८२** |
| सञ्चालन आम्दानी | १,०६,६४४ | १,२९,५३९ | १,३२,९९५ |
| अन्य आम्दानी | २६,४०० | - | - |
| **जम्मा आम्दानी** | **१,३३,०४४** | **१,२९,५३९** | **१,३२,९९५** |
| **खर्चहरु** | | | |
| सञ्चालन खर्च | १०,६२६ | ९,५१९ | ९,६२३ |
| प्रशासकीय खर्चहरु | ४३७ | ४४२ | ४४८ |
| ह्रास कट्टी (Depreciation) | ३९० | ३१५ | २५४ |
| परिषोधन (Amortizaion) | ३४,५६० | ३४,५६० | ३४,५६० |
| **सञ्चालन मुनाफा/नोक्सान** | **८७,०३१** | **८४,७०२** | **८८,११०** |
| वित्तिय खर्च | ७४,८६२ | ६४,२६५ | ६१,९७२ |
| **कर अघिको मुनाफा/नोक्सान** | **१२,१६८** | **२०,४३६** | **२६,१३८** |
| कर्मचारी बोनश | २४३ | ४०९ | ५२३ |
| **कर अघिको मुनाफा/नोक्सान** | **११,९२५** | **२०,०२८** | **२५,६१५** |
| कर व्यवस्था | - | - | - |
| **खुद नाफा/नोक्सान** | **११,९२५** | **२०,०२८** | **२५,६१५** |

**नोट : प्रक्षेपित वित्तीय विवरणको आ.व. २०७९/८० मा अन्य आम्दानी शीर्षक अन्तर्गत रु.२ करोड ६४ लाख रकम राखिएको र उक्त आम्दानी भ्याट फिर्ता बापत प्राप्त हुने रकमलाई गणना गरिएको ।**

**नगद प्रवाह विवरण**

| **विवरण** | **प्रक्षेपित (रु. हजारमा) आ.व.** | | |
|---|---|---|---|
| | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१/०८२** |
| संचालन गतिविधिको नगद प्रवाह | | | |
| आयकर अगाडिको खुद नाफा र मुनाफा नोक्सानी | **११,९२५** | २०,०२८ | **२५,६१५** |
| जोड्ने | - | - | - |
| १. ह्रास कट्टी (Depreciation) | ३९० | ३१५ | २५४ |
| २. परिषोधन (Amortizaion) | ३४,५६० | ३४,५६० | ३४,५६० |
| ३. वित्तिय खर्च | ७४,८६२ | ६४,२६५ | ६१,९७२ |
| ४. ब्याज आम्दानी | - | - | - |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **१,२१,७३८** | **१,१९,१६८** | **१,२२,४०२** |
| १. व्यापार तथा अन्य प्राप्यहरुमा भएको बृद्धि/(कमी) | (६,२३२) | (६१६) | (६१६) |
| २. अग्रिम भुक्तानि रकम र पेश्कीमा भएको बृद्धि/(कमी) | ९०९ | (५८९) | (२५१) |
| ३. व्यापारिक तथा अन्य तिर्न बाँकीमा भएको बृद्धि/(कमी) | (२,३२४) | (८९४) | (८४९) |
| ४. अन्य दायित्वमा बृद्धि/(कमी) | | | |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,१४,०९१** | **१,१७,०७०** | **१,२०,६८६** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **१,१४,०९१** | **१,१७,०७०** | **१,२०,६८६** |
| १. आयोजनामा लगानी | - | - | - |
| २. अन्य परियोजनाहरुमा लगानी | - | - | - |
| ३. स्थिर सम्पत्ति र आयोजना (थप)/घट | - | - | - |
| ४. अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | - | - | - |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | | | |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | | |
| १. शेयर पूँजीको निष्काशन | १,६०,९४६ | - | - |
| २. ऋण भुक्तानी | - | - | - |

| | | | |
|---|---|---|---|
| ३. ब्याज भुक्तानी | (७४,८६२) | (६४,२६५) | (६१,९७२) |
| ४.लाभांश वितरण | - | - | - |
| ५. अन्य उधारो र भुक्तानी | (१७१,०४७) | (१५,८५०) | (२६,८५०) |
| **ग वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(८४,९६३)** | **(८०,११५)** | **(८८,८२२)** |
| **नगदमा भएको कुल बृद्धि र कमी (क ख ग)** | **२९,१२८** | **३६,९५५** | **३१,८६४** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **२१** | **२९,१४९** | **६६,१०३** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **२९,१४९** | **६६,१०३** | **९७,९६७** |

प्रक्षेपित वित्तीय विवरण कम्पनीले आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी कण्डेल एण्ड असोसिएट्स चार्टड एकाउण्टेन्स्बाट प्रमाणित गरिएको छ ।

**कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः**

| विवरण | प्रक्षेपित (%) | | |
|---|---|---|---|
| | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ |
| कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा) | ३% | ३% | ३% |
| कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा) | -१५.४२% | -९.५८% | -१.९५% |
| संचालन खर्च तथा कूल आम्दानी अनुपात | ३४.५९% | ३४.६१% | ३३.७५% |
| खुद मुनाफामा औषत वृद्धिदर (प्रतिशतमा) | ७५.६१% | ६७.९५% | २७.९०% |
| आयकर व्यवस्था (प्रतिशतमा) | ०% | ०% | ०% |
| प्रतिशेयर आम्दानी | २.२२ | ३.७३ | ४.७७ |
| Return on Equity | २.३८% | ३.८५% | ४.६९% |
| Return on Assets | १.१०% | १.८३% | २.३५% |

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छनः**

**१. आम्दानीः** यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्री सम्झौता पत्रमा भएको प्रति एकाई आम्दानी अनुसार गणना गरिएको छ । नेपाल विद्युत प्राधिकरण संग भएको पिपिए सम्झौता अनुसार प्रति वर्ष ३ प्रतिशतको दरले आठ पिटक सम्म वृद्धि हुने र तत्पश्चात् बाँकी अवधिको लागि सोही दर कायम हुने गरी आम्दानी गणना गरिएको छ । जस अन्तर्गत सुख्खा याममा न्युनतम रु. ८.४० देखि अधिकतम रु.१०.४२ सम्म प्रतिइकाई र  वर्षा याममा न्युनतम रु.४.८० देखि रु.५.९५ सम्म प्रति युनिटका दरले आम्दानी गणना गरिएको छ । साथै विद्युत बिक्रीबाट आम्दानी गणना गर्दा Contracted Energy को ९५ प्रतिशतसम्म उत्पादन हुने अनुमान गरिएको छ ।

**२. रोयल्टी खर्चः** रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छः
क्षमता बमोजिम रोयल्टी : रु.१००/- किलोवाट पहिलो १५ वर्षसम्म तथा
रु.१,०००/- किलोवाट १५ वर्षपछि ।
आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत पहिलो १५ वर्षसम्म र
बिलको राजश्वको १० प्रतिशत  १५ वर्षपछि ।
रोयल्टीको खर्चहरुलाई NFRS बमोजिम बिक्रीको लागतमा गणना गरिएको छ ।

**३. वित्तीय खर्चहरुः** कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक १० प्रतिशतको दरले गणना गरिएको छ ।

**४. कर्मचारीहरुको बोनसः** बोनश ऐन २०३० तथा विद्युत ऐन २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ ।

**५. कर्जा चुक्ता अवधि** : १४ वर्ष रहने अनुमान गरिएको छ ।

६. आसामी रकमको गणना गर्दा २ महिनाको अवधिलाई आधार मानिएको छ ।

**७. ह्रास कट्टी :**
स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Straight Line Method) अनुसार कट्टा गरिएको छ । जसअनुसार सम्पत्तिको जीवन अवधि निम्नानुसार कायम गरिएको छ :

| **सम्पत्ति तथा उपकरणको विवरण** | **सम्पत्तिको जिवन अवधि** | **ह्रास कट्टीदर** |
|---|---|---|
| आयोजना | प्रयोग गर्न सकिने अवधि अनुसार | लागू |
| फर्निचर एण्ड फक्सचर | ४ वर्ष | WDV को २५ प्रतिशत |
| सवारी साधन | ५ वर्ष | WDV को २० प्रतिशत |
| अन्य सम्पत्ति (सफ्टवयर) | ५ वर्ष | WDV को २० प्रतिशत |

**८.अमूर्त सम्पत्तिहरुको परिशोधनः**
परियोजनामा रहेका सम्पत्तिहरुलाई अमूर्त सम्पत्तिको रुपमा गणना गरिएको छ र तिनीहरुको परिशोधन सम्पत्तिको जीवन ३१.२५ वर्ष रहेको र सोको वार्षिक ह्रास कट्टीदर ३.२ प्रतिशत रहेको छ।

**९. स्थिर सम्पत्ति**
कुनै पनि स्थिर सम्पत्ति थप हुने छैन र कुनै पनि फरक भएमा त्यो स्थिर सम्पत्तिको मर्मत अन्तर्गत पर्ने प्रक्षेपण गरिएको छ।

**१०.आयकर दरः** यस कम्पनी आयकर ऐन, २०५८ दफा ११ (३ घ) बमोजिम COD पश्चात् पहिलो १० वर्षको लागि आयकर छुट, सो पश्चात् ५ वर्षको लागि १० प्रतिशत र सो पश्चात् २० प्रतिशत लाग्ने अनुमान गरिएको छ।

**११. व्यापारीक उत्पादन सुरु हुने मितिः** यस आयोजना निर्माण सम्पन्न भई मिति २०७६ साल पौष ८ गतेदेखि नियमित रुपमा विद्युत उत्पादन गरि राष्ट्रिय प्रसारण लाइनमा जोडी सकेको छ।

**१२. अन्य आम्दानी :** प्रक्षेपित वित्तीय विवरणको आ.व. २०७९/८० मा अन्य आम्दानी शीर्षक अन्तर्गत रु.२ करोड ६४ लाख रकम राखिएको र उक्त आम्दानी भ्याट फिर्ता बापत प्राप्त हुने रकमलाई आधार मानि गणना गरिएको छ।

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरणः**

**अ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।**

**कम्पनीको वास्तविक तथा प्रक्षेपित नेटवोर्थ सम्बन्धी विवरण :**

| **विवरण** | **वास्तविक (आ.व.)** | | | **प्रक्षेपित (आ.व)** | | |
|---|---|---|---|---|---|---|
| | **आ.व. २०७६/०७७** | **आ.व. २०७७/०७८** | **आ.व. २०७८/०७९** | **आ.व. २०७९/०८०** | **आ.व. २०८०/०८१** | **आ.व. २०८१/०८२** |
| चुक्ता पूँजी (रु हजारमा) | ५,००० | ३,७५,५४० | ३,७५,५४० | ५,३६,४८६ | ५,३६,४८६ | ५,३६,४८६ |
| जगेडा तथा कोषहरु (रु हजारमा) | ३३७,२८७ | (५४,५४३) | (४७,७५३) | (३५,८२८) | (१५,८००) | ९,८१५ |
| **कुल नेटवोर्थ** | **३,४२,२८७** | **३,२०,९९७** | **३,२७,७८८** | **५,००,६५८** | **५,२०,६८६** | **५,४६,३०१** |
| **शेयर संख्या (हजारमा)** | ३,५४५ | ३,७५५ | ३,७५५ | ५,३६५ | ५,३६५ | ५,३६५ |
| खुद नाफा नोक्सान | १,३४५ | (४२,२८९) | ६,७९१ | ११,९२५ | २०,०२८ | २५,६१५ |
| प्रति शेयर नेटवर्थ | ९७ | ८५ | ८७ | ९३ | ९७ | १०२ |
| प्रति शेयर आम्दानी (रु.) | २६.८९ | (११.२६) | १.८१ | २.२२ | ३.७३ | ४.७७ |
| नेटवर्थमा प्रतिफल (प्रतिशतमा) | ०.३९% | (१३.१७) | २.०७% | २.३८% | ३.८५% | ४.६९% |
| **प्रति शेयर चुक्तापूँजी (रु.)** | १०० | १०० | १०० | १०० | १०० | १०० |

**आ) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :** (३.५७)

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी कण्डेल एण्ड असोसिएट्स चार्टड एकाउण्टेन्स्बाट प्रमाणित गरिएको छ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) कम्पनीको प्रवन्धपत्रमा जारी पूँजीको १०% शेयर अयोजना प्रभावित क्षेत्रका बासिन्दालाई तथा जारी पूँजीको २०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. १६,०९,४८,०००/- शेयर पूँजी अयोजना प्रभावित क्षेत्रका वासिन्दा सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी र सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी कम्पनीको जारी पूँजी रु. ५३,६४,८६,०००/- पुर्याउन।

२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन, बैकबाट लिईएको कर्जा भुक्तानी तथा कम्पनीबाट आयोजना निर्माणको लागि रकम संकलन गर्न।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

(अ) साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम यस कम्पनीले गर्न पाउने कार्यको अधिनमा रही कम्पनीले बैंकबाट उपभोग गरिएको ऋण भुक्तानी गर्न प्रयोग गरिने छ।

**ऋण रकम उपभोग गरिएको बैंकको नाम, ऋण रकम तथा साधारण शेयर निष्काशनबाट प्राप्त रकम भुक्तानी गरे पश्चात बाँकी हुने ऋण रकम सम्बन्धी विवरण :**

| बैंकको नाम : सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड। | |
|---|---|
| जम्मा ऋण रकम (रु.) | ७२,०९,८९,१२३ |
| ऋण भुक्तानी (साधारण शेयर निष्काशनबाट प्राप्त हुने रकम) (रु.) | १६,०९,४८,००० |
| **बाँकी ऋण रकम (रु.)** | **५६,००,४१,१२३** |

**(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**

विगतमा सोही प्रकारका अन्य कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा विक्री हुने कम्पनीको धारणा रहेको छ । निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ । सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा, श्री मुक्तिनाथ क्यापिटल लिमिटेडले निष्काशन रकम बरावरको शेयर खरीद गर्ने गरी प्रत्याभूति सम्झौता गरिएको छ ।

**(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

यस कम्पनीद्धारा सम्पन्न पदम खोला साना जलविद्युत आयोजना प्रदेश नं. ६, दैलेख जिल्ला मा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, सिभिल कार्य, हाइड्रोमेकानीकल कार्य, इलेक्ट्रोमेकालिकल निर्माण कार्य, र विद्युत प्रशारण लाइन निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु गरिरहेका छन् । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता बमोजिम आयोजनाबाट उत्पादन हुने विद्युत राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्नको लागि आयोजना स्थलदेखि पदम खोला साना जलविद्युत आयोजनाको सव स्टेसनसम्मको Transmission Line इन्ट्रिग्रेटेड इनर्जी एण्ड इन्डष्ट्रियल इन्टरप्राईजेज प्रा.लि. बाट निर्माण गरी जोडिएको छ ।

यस कम्पनीले निर्माण गरिएको पदम खोला साना जलविद्युत आयोजना को लागि आवश्यक वित्तीय श्रोतको कम्पनीको संस्थापकद्धारा चुक्ता गरेको पूजी तथा बैंकहरुवाट लिएको ऋण रकम रहेको छ । विभिन्न बैंकवाट लिएको ऋण रकम को भुक्तानी सम्बन्धी अवस्था तपसिल बमोजिम रहेको छ ।

| क्र. सं. | बैंक तथा वित्तिय संस्थाको नाम | स्वीकृत कर्जा रकम (रु.) | कर्जाको भुक्तानीको अवधि | किस्ता भुक्तानीको तरिका | शुरु तथा हालको व्याजदर | हाल सम्म भुक्तानी गरिएको कर्जा रकम (रु.) | बाँकी कर्जा रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | सिटिजन्स बैंक इन्टरनेशनल लि. | ७३,५०,००,००० | वि.सं. २०९९ | त्रैमासिक रुपमा | १२.८५ प्रतिशत हाल: ११.५७ प्रतिशत | १,४०,१०,८७७ | ७२,०९,८९,१२३ |

**किस्ता रकम भुक्तानी सम्बन्धी विवरण ।**

| वर्ष | साँवा रकम (रु.) | जम्मा व्याज रकम (रु.) | जम्मा किस्ता रकम (रु.) | बाँकी ऋण रकम (रु.) | बैंक शुल्क (०.१५ प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | ४,१९० | ६२,४१२ | ६६,६०२ | ७२०,६६० | १,०८१ |
| २ | १७०,८०६ | ७३,२५२ | २४४,०५८ | ५४९,८५४ | ८२५ |
| ३ | १५,८५० | ६२,६५५ | ७८,५०५ | ५३४,००४ | ८०१ |
| ४ | २६,८५० | ६०,३६२ | ८७,२१२ | ५०७,१५४ | ७६१ |
| ५ | ३४,००० | ५६,९०८ | ९०,९०८ | ४७३,१५४ | ७१० |
| ६ | ४०,००० | ५२,६८८ | ९२,६८८ | ४३३,१५४ | ६५० |
| ७ | ४६,६०० | ४७,८०३ | ९४,४०३ | ३८६,५५४ | ५८० |
| ८ | ४८,००० | ४२,३८४ | ९०,३८४ | ३३८,५५४ | ५०८ |
| ९ | ५२,००० | ३६,६९१ | ८८,६९१ | २८६,५५४ | ४३० |
| १० | ५६,००० | ३०,५३९ | ८६,५३९ | २३०,५५४ | ३४६ |
| ११ | ६१,००० | २३,९२६ | ८४,९२६ | १६९,५५४ | २५४ |
| १२ | ६४,००० | १६,७३९ | ८०,७३९ | १०५,५५४ | १५८ |
| १३ | ७२,००० | ९,१७७ | ८१,१७७ | ३३,५५४ | ५० |
| १४ | ३३,५५४ | १,४७८ | ३५,०३२ | - | - |
| **जम्मा** | **७२४,८५०** | **५७७,०१५** | **१,१०४,९१७** | | |

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरुः :**

क) आयोजनाको सिभिल कार्यका लागि ठेकेदार देउराली सुपर कन्स्टक्सन प्रा.लि सँग सन २०१८ जनवरी ११ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भइसकेको र उक्त कार्य गरेबापत रु १९ करोड ९९ लाख ३६ हजार ९ सय ६९ रुपैया भुक्तानी गरिएको छ ।

ख) आयोजनाको हाइड्रोमेकानिकल कार्य का लागि डवन हाइड्रोमेकानिकल वोक्स प्रा.लि. सँग मिति सन २०१८ फेब्रुअरी ०२ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भइसकेको र उक्त कार्य गर्नको लागि रु ७ करोड ३७ लाख ६५ हजार ९ सय ४९ रुपैया भुक्तानी गरिएको ।

ग) आयोजनाको इलेक्ट्रोमेकानिकल कार्यका लागि मेकामिडी एचपीपी (इन्डिया) प्रा.लि. संग सन २०१७ फेब्रुअरी १७ मा सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भइसकेको र उक्त कार्य गरे बापत रु.७ करोड ७० लाख भुक्तानी गरिएको ।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोगकर्ता देशका बासिन्दाहरु रहेका छन् । साना जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र निर्माणाधिन पदम खोला साना जलविद्युत आयोजनाको उत्पादन क्षमता ४.५ मेगावाट रहेको छ ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** कर्णली, प्रदेश नं. ६, दैलेख को पदम खोलाको पानी र सोको स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** प्रदेश नं. ६, दैलेख को पदम खोलाको पानी ।

**(औ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

**(१) निष्काशन तथा बिक्री प्रवन्धक :**
यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री एन आई सी एशिया क्यापिटल लिमिटेडल, बबरमहल, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.१,००,०००/- (अक्षरुपी एक लाख रुपैंया मात्र) भुक्तानी दिइनेछ ।

(२) **ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा)** : सो नभएको ।

**(३) प्रत्याभूतिकर्ता :**
प्रत्याभूतीकर्ता श्री मुक्तिनाथ क्यापिटल लिमिटेडलाई प्रत्याभुति सेवा प्रदान गरे वापत रु. ८,०४,७२९ (अक्षरेपी आठ लाख चार हजार सात सय उनान्तीस रुपायैं मात्र) कमिशनको रुपमा दिइने छ ।

(४) **विज्ञहरु :** सो नभएको ।

**(५) लेखापरिक्षक :**
यस कम्पनीको आ.व. २०७८/०७९ को लेखापरिक्षण सम्बन्धी कार्य कण्डेल एण्ड एशोसियट्सका चार्टर्ड एकाउन्टेण्टले गर्नु भएको हो । उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत भ्याट बाहेक रु.५०,०००/–(अक्षरुपी पचास हजार मात्र) प्रदान गरेको छ ।

**(६) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि):**
स्थानिय बासीको हकमा आयोजना रहेको स्थल वा स्थानियवासीहरुलाई पायक पर्ने गरी शेयर खरिद आवेदन फारम संकलन केन्द्र तोकिने तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई सिडिएस एण्ड क्लियारिङ्ग लिमिटेडले निर्माण गरेको मेरो शेयर सफ्टवयर मार्फत आवेदन गर्न मिल्लने व्यवस्था मिलाइनेछ भने सर्वसाधारणहरुको हकमा आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु संकलन केन्द्रको रुपमा रहने छन् ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियम थप नगरिएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :** यस विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

क. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

ख. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

ग. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

घ. उपरोक्त अनुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

ङ. शेयर बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

च. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

छ. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।

ज. स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकी रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभुत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतकर्ताले खरिद गर्नेछ ।

**(२) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा  उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धि सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरुलाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ । तर स्थानीय बासिन्दाहरुको हकमा सि आश्वा सेवा नरहेको हुँदा बाँडफाँडमा नपरेको रकम सम्बन्धित आवेदकले आवेदन फारममा उल्लेख खरेको बैंक खातामा सोझै जम्मा हुनेगरी फिर्ता भुक्तानी गरिनेछ ।

**(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको सन्दर्भमा यो व्यवस्था लागु नहुने । स्थानीय बासिन्दा ले C-ASBA प्रणाली भन्दा बाहेक भौतिक रुपमा शेयर आवेदन गरेको खण्डमा, निवेदन साथ प्राप्त रकम बाँडफाँडपछि "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

**(४) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भएपश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(५) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**

हाल सम्म सूचीकरण भई नसकेको ।

**(६) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**

हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरणः**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको १६,०९,४५८ कित्ता साधारण शेयर वापतको रु १६,०९,४५,८००/- को सत् प्रतिशत अर्थात रु.१००/- अंकित दरका १६,०९,४५८ कित्ता शेयरको लागि श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, हात्तिसार मार्ग ,कमलादी, काठमाडौं द्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य बूँदाहरु**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

अ) प्रत्याभूतिकर्ताले १६,०९,४५८ कित्ता साधारण शेयरको सत् प्रतिशत अर्थात रु.१६,०९,४५,८००/- रकम बराबरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

आ) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवा प्रदान गरे वापत कम्पनीले रु.८,०४,७२९ (अक्षरेपी आठ लाख चार हजार सात सय उनान्तीस मात्र) कमिशनको रुपमा दिइने छ ।

इ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताहरुको दायित्व प्रत्याभूतित कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ ।

ई) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतित कित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।

उ) यस सम्झौता पत्रको अवधि सर्वसाधारण शेयर निष्काशन बाँडफाँड भए पश्चात सकिने छ ।

ऊ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वतः खारेज हुनेछ ।

ए) यस सम्झौताको ब्याख्यामा कुनै विवाद वा बिभेद उत्पन्न भएमा आपसी सहमतिवाट समाधान गरिनेछ । । सो बाट विवाद निरोपण नभएमा मध्यस्थकर्ता नियुक्ति गरि विवाद निरोपण गरिनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१.यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका थापागाँउ, वानेश्वर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२.यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० ( दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

३.यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रति धितोपत्र रु.१००/– (एक सय) का दरले हुन आउने एकमुष्ठ रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट् संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :** यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारण) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर संस्थापक शेयरधनी तथा ३०% सर्वसाधारणहरु मध्ये १०% प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु अति प्रभावित क्षेत्र नौमुले र कालीका गा.वि.स. तथा प्रभावित क्षेत्र दैलेख जिल्ला बासीहरुलाई र २०% सर्वसाधारणहरु (कर्मचारीहरु, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सामूहिक लगानी कोष समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दा, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुंदा कर्मचारीको

हैसियतले पुनःशेयर खरिदको लागि आबेदन दिन सक्ने छैनन् । उद्योग प्रभावित क्षेत्र कर्मचारी र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्कशान गरिएको शेयर बाँडफाँड भएका आवेदकहरुले सर्वसाधारणमा निष्काशन गरिएका समयमा आवेदन दिएमा त्यस्तो आबेदन स्वत रद्द हुनेछ ।

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :**

आयोजना अति प्रभावित क्षेत्र नौमुले र कालीका गा.वि.स. तथा प्रभावित क्षेत्र दैलेख जिल्लाका स्थानीय बासिन्दाहरुले यस विवरण–पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १८ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्षदेखि स्थायीरुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत पालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

३. १८ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह–दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

५. आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित पालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

७. १८ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८.आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०.आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११.एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२.साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त वुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३.आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१४.सम्पुर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१५.रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६.यस विवरण-पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथै डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् ।

१७.रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा ।**

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यस विवरण–पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुले मात्र आवेदन दिन सक्नेछन् ।

२. शेयर खरिदका लागि सि आश्बा सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आफ्नो विप्रेषण बचत खाता खोलि सि आश्बा रजिष्ट्रेशन नम्बर (CRN) लिई मेरो शेयर मार्फत आवेदन दिन सक्नेछन् ।

३. शेयर खरिदका लागि आवेदन दिने आवेदकले विप्रेषण बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

४. बाँडफाँडमा शेयर परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

५. आयोजना प्रभावित क्षेत्रका बासिन्दाकालागि निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् । यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

६. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा स्वत रद्द हुने हुँदा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्म बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थ मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) **.**

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई “धितोपत्रको सार्वजनिक निष्काशन को केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४” को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।

ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)

ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)

च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०.एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११.धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२.धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३.सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट ऋच्ल नं. लिइसकेको हुनुपर्नेछ ।

१४.रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।

१५.शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६.रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम १०,००० (दश हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:**

कम्पनीर निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

**क.** **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:** कम्पनीका तत्कालिन अध्यक्ष श्री राजेन्द्र प्रसाद गौतम तथा संचालक श्री सौरभ अर्ज्यालबाट कम्पनीलाई आवश्यक परेको रकम ऋण सापटी स्वरुप कम्पनीले प्राप्त गरेको रकम रु.३,८२,७५,८९४/- लाई नीजहरुको मन्जुरीमा आ.व. २०७८/०७९ मा उक्त रकम संचालकलाई भुक्तानी गर्नुपर्ने दायित्वबाट हटाइएको । साथै हाल नीजहरु संचालक समितिमा समेत नरहेको ।

**ख.** **आधारभूत शेयरधनी:** खण्ड क मा उल्लेखित दुवै व्यक्तिहरु आधारभूत शेयरधनी रहेको । सो वाहेक अन्य आधारभूत शेयरधनीहरुसंग कुनै कारोवार नरेको ।

**ग.** **खण्ड (क) र (ख) माउल्लेखितकुनै व्यक्तिको एकाघर परिवारको सदस्य:** सो नभएको ।

**घ.** **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनीवा संगठित संस्था :** सो नभएको ।

**ङ.** **संगठित संस्थाको वायसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा:**
सो नभएको ।

**च.** **कुनै सञ्चालकवा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निज सँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरण:** माथि खण्ड (क) मा उल्लेखित रकम कम्पनीले प्राप्त गरे वापत नीजहरुलाई कुनैपनि ब्याज रकम भुक्तानी गरिएको छैन । हाल उक्त रकम नीजहरुको मन्जुरीमा भुक्तानी गर्नुपर्ने दायित्वबाट हाइसकिएको हुँदा फिर्ता भुक्तानी गर्नु नपर्ने ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

क. **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** निष्कासनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

ख. **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**क. लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

(अ) **लेखापरीक्षक** : यस कम्पनीको आ.व.२०७८/०७९ को लेखापरिक्षण सम्बन्धी कार्य कन्डेल एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट रहेको छ ।

(आ) **निष्काशन बैंक** (Bankers to the Issue) : यस निष्काशनको लागि देहायक बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरेको छ ।

| **सि.नं** | **निष्काशन बैंकको नाम, ठेगाना** | **खाता नं.** |
|---|---|---|
| १ | सिटिजन्स बैंक इन्टरनेशन लिमिटेड, काठमाडौं | ००१०१००००२५९२२०१ |

(इ) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :** यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा कम्पनी आफै रहेको छ र उक्त वित्तीय प्रक्षेपणको आधार तथा तरिकाहरु ठीक छ भिन सही छाप गर्नेमा कन्डेल एण्ड एशोसियट्स चार्टड एकाउण्टेन्ट संस्था रहेको छ ।

(ई) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ :**
यस विवरणपत्रमा उल्लेख गरिएको प्रक्षेपित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी प्रक्षेपण गरिएको विवरण यथार्थपरक र ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा कण्डेल एण्ड असोसिएट्स चार्टड एकाउण्टेन्स् रहेको । सो कार्य को लागि उक्त फर्मलाई रु ५०,००० (कर सहित) भुक्तानी गरिएको छ ।

**ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरुः**

(अ) **लेखापरीक्षक :** सो नभएको ।

(आ) **निष्काशन बैंक** (Bankers to the Issue) : आस्बा प्रणाली लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात बाँडफाँडमा परेको धितोपत्र बापतको रकम सम्बन्धित आस्बा सदस्य बैंक तथा वित्तिय संस्थाहरुले निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिनभित्र उक्त रकम निष्काशन प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ । साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्यदिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजना सम्पन्न भएको छ ।

| **क्र. सं.** | **बैंक तथा वित्तीय संस्थाको नाम** | **स्वीकृत कर्जा रकम** | **कर्जाको भुक्तानीको अवधि** | **किस्ता भुक्तानीको तरिका** | **शुरु तथा हालको व्याजदर** | **हाल सम्म भुक्तानी गरिएको कर्जा रकम (रु.)** | **बाँकी कर्जा रकम (रु.)** |
|---|---|---|---|---|---|---|---|
| १. | सिटिजन्स बैंक इन्टरनेशनल लि. | ७३,५०,००,००० | वि.सं. २०९९ | त्रैमासिक रुपमा | १२.८५ प्रतिशत हाल: ११.५७ प्रतिशत | १,४०,१०,८७७ | ७२,०९,८९,१२३ |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**क. संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

**ख. संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

**ग. विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :** सो नभएको ।

**घ. संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको

हुँदा त्यहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धित बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी श्री दामोदर रायमाझीलाई निजकै कार्यालयमा वा नीजलाइ कार्यालय समयभित्र ०१-५७०५९९४ ( एक्स. २०५) मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र यो साधारण शेयर निष्काशन सर्वसाधारणका लागि मात्र हो ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :**

अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

यस विवरण पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आ.व.हरुको लेखा परिक्षण भइसकेका वित्तीय विवरणहरु, विद्युत बिक्री सम्झौता, आयोजना समाप्तिको अवधि तथा सोको लागतको अनुमान, आयोजनाका लागि ऋण लिने सम्बन्धमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडसंग भएको सम्झौता एवं हालको जलविद्युत बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने अडिट फर्ममा कण्डेल एण्ड एसोसिएट्स चार्टड एकाउण्टेन्स् रहेको छ ।

**ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

गत तीन आर्थिक वर्षमा सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | संचालकहरुको नाम | पद | संचालकमा बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | पुष्कर ढुङ्गेल | संचालक | २०७४/०७/०६ | २०७७/१०/२४ | व्यक्तिगत कारण |
| २ | रामचन्द्र कार्की | संचालक | २०७४/०७/०६ | २०७९/०६/२० | घरायसी कारण |
| ३ | राजेन्द्र प्रसाद गौतम | संचालक | २०७४/०७/०६ | २०७९/०६/२० | घरायसी कारण |
| ४ | सौरभ अर्ज्याल | अध्यक्ष | २०७४/०७/०६ | २०७९/०६/२० | घरायसी कारण |

**गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन र सोका कारणहरु :**

गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | लेखापरीक्षकको नाम | प्रतिनिधित्व गरिएको संस्था | बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | सरमेन्द्र श्रेष्ठ | श्रेष्ठ एस एण्ड एशोसियट्स चार्टड एकाउन्टेन्ट | २०७८/०९/३० | २०७९/०५/०९ | कार्य व्यवस्थता |

**ग. कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : सरोज दाहाल

ठेगाना : भक्तपुर

योग्यता : एल एल एम

**घ. सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीले स्वीकृत प्रबन्ध पत्रको दफा ६ बमोजिम कम्पनीको जारी पूँजीको ३० प्रतिशत शेयर उद्योग प्रभावित क्षेत्र का स्थानीय बासिन्दाहरु र सर्वसाधारणको लागि छुट्याएको । जसमध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु.५,३६,४८,६००/- (अक्षरेपी पाँच करोड छत्तिस लाख अड्चालीस हजार छ सय रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ५,३६,४८६ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजीको २० प्रतशित शेयर अर्थात रु.१०,७२,९७,२००/- (अक्षरेपी दश करोड बहत्तर लाख सन्तानब्बे हजार दुई सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १०,७२,९७२ कित्ता शेयर सर्वसाधारणको लागि बिक्री गर्न छुट्याएको छ । उक्त शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७८/०९/२९ गते बसेको साधारण सभाले सर्वसाधारणमा प्रारम्भिक शेयर निष्काशन गर्ने निर्णय गर्‍यो । यस संस्थाको मिति २०७८/१०/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार अध्यक्ष श्री राजेन्द्र प्रसाद गौतम तथा संचाल श्री सौरभ अर्ज्याल ज्यूलाई सर्वसाधारणमा शेयर निष्काशन गर्नको लागि नेपाल धितोपत्र बोर्ड लगायत अन्य सम्बन्धित निकायमा दर्ता गराउनको लागि अख्तियार प्रदान गर्ने निर्णय गरेकोमा हाल

नीजहरुले संचालक पदबाट राजिनामा दिनएको हुँदा सोही प्रकृतिको अख्तियारी मिति २०७९/०७/०२ गतेको संचालक समितिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सन्तन कुमार अर्ज्यालज्यूलाई प्रदान गरेको छ।

**ङ. संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा कम्पनीलाई पहिलो १० वर्षसम्म शत प्रतिशत आयकर छुट तथा सो पश्चात ५ वर्ष को लागि पचास प्रतिशत आयकर छुट प्रदान गरिएको छ।

**च. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।

(क) कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं महानगरपालिका-१०, थापागाँउ,बानेश्वर।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक-एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

**ज. शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा कम्पनीले निष्काशन गरिएको आफ्नो जारी पूँजी रु.५३,६४,८६,०००/- को ३०% अर्थात् १६,०९,४५८ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये यस विवरण पत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.५,३६,४८,६००/- रकम बराबरको रु.१०० अंकित दरका ५,३६,४८६ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र जारी पूँजी २०% अर्थात १०,७२,९७२ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,०७,२९,८००/- रकम बराबरको रु.१०० अंकित दरका १,०७,२९८ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुको निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ। साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई शेयर बाँडफाँड गरे पश्चात बाँकी रहने रु.१००/- अंकित दरका ९६५,६७५ कित्ता शेयर मध्ये २१,४५८ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २ प्रतिशत) कर्मचारीहरुलाई र ५३,६४९ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित राखिएको छ।

कर्मचारीहरुको लागि यसरी छुट्याइको शेयर कर्मचारीहरुबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपुर्ण तवरबाट बाँडफाँड गर्ने तथा विदेशमा रोजगारी गरिरहेका नेपालीहरुको लागि छुट्टाइएको शेयर प्रचलित धितोपत्र बाँडफाँड निर्देशिका बमोजिमा बाँडफाँड गरिनेछ। यसरी छुट्टाइएको शेयर सम्बन्धित कर्मचारीहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट सम्पुर्ण शेयर खरिदको लागि आवेदन नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा निष्काशनको समयमा थप गरि बाँडफाँड गरिनेछ।

**झ. कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यावसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/०७८ सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थीक वर्षसम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अधावधिक रहेको छ र सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/०६ गतेको पत्रबाट प्राप्त भएको छ।

**ञ. धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि स्थानीयबासीहरुको हकमा तोके बमोजिमका संकलन केन्द्र मार्फत, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा मेरो शेयर मार्फत तथा सर्वसाधारणहरुको हकमा आस्वा सदस्य प्राप्त बैंक तथा वित्तिय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु/मेरो शेयर मार्फत आवेदन दिनसक्ने व्यवस्था रहेको छ।

**ट. विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक : एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा रहेको छ।

**ठ. सकारात्मक पक्षहरु :**

१) मिति २०७६/०९/०८ गते देखि आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको ।

२) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको । यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेशिन, औजार तथा उपकरणहरुको जोखीमलाई न्यूनीकरण गर्न बिमा गरिएको।

३) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

४) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्वल रहेको ।

**ड. शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्थाः**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य गर्नको कम्पनी आफै वा एन आई सी एशिया क्यापिटल लिमिटेडलाई शेयर रजिष्ट्रार नियुक्ती गरी सेवा प्रदान गरिने छ ।

**ढ. धितोपत्र बिक्री खुल्ला अवधिः**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

**ण. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB" (pronounced ICRA NP Issuer Rating Double B) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँदछ । ईक्रा नेपाल लिमिटेड ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । यसको अर्थ ICRANP-IR] BB- को स्थिति ICRANP-IR] BB को भन्दा एक चिन्ह तल रहन्छ । उक्त रेटिङ्ग बहाल रहने अवधि मिति २०७९/१२/२९ गतेसम्म रहेको छ।

**त. धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरिसकेको** : नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०७१/१२/२५ मा नेपाल सरकार कम्पनि रजिष्ट्रारको कार्यालयमा **दोल्ती पावर कम्पनी को नाममा प्राइभेट लिमिटेड कम्पनिको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले **मिति २०७८/०३/३१ मा पब्लिक लिमिटेड कम्पनिमा परिणत** मा भई **दोल्ती पावर लिमिटेड**को नाममा २०७८/०३/३१ देखि कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

**(२) नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको** : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०७८/०९/२९ गते सम्पन्न भएको बार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको चार्टर्ड एकाउण्टेण्ट श्रेष्ठ एस एण्ड एशोसियट्स चार्टड एकाउण्टेन्टलाई नियुक्ती गरिएकोमा निजको राजिनामा पश्चात आ.व. २०७८/०७९ को लागि कन्डेल एण्ड एशोसियट्स चार्टड एकाउण्टेन्ट नियुक्ती गरि लेखापरीक्षण कार्य समेत सम्पन्न भईसकेको छ ।

**(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** पदम खोला साना जलविद्युत आयोजना (४.५ मे.वा.) को मिति २०७४/०६/२९ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०९/०६/२८ गते सम्म बहाल रहनेछ ।

**यस कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कामकारबाही अगाडि बडाउने सम्दर्भमा विद्युत खरिद सम्झौता लगायत हालसम्म भए गरेको सम्बन्धित पक्ष बीच भएको सम्झौता सम्बन्धी विवरणहरु ।**

| क सं | सम्झौता गरिएको निकाय/संस्थाहरु | सम्झौता भएको मिति | सम्झौताको विषय | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | २०७४/०८/०१ | विद्युत खरीद बिक्री सम्बन्धी | २१०६/०७/३०* |
| २ | नेपाल विद्युत प्राधिकरण | २०७८/०५/२८ | विद्युत खरीद बिक्री सम्बन्धी पहिलो संशोधन | |
| ३ | नेपाल विद्युत प्राधिकरण | २०७३/०६/२१ | ग्रिड कनेक्सन सम्बन्धी | - |
| ४ | नेपाल विद्युत प्राधिकरण, भूगोल इनर्जी डेभलपमेण्ट कम्पनी तथा अप्पर लोहोर हाइड्रोपावर कम्पनी लि. | २०७६/०६/२३ | २०७३/०६/२१ मा भएको ग्रिड कनेक्सन सम्बन्धी सम्झौतामा भएको एमेण्डमेण्ट** | - |

*नेपाल सरकार उर्जा, मन्त्रालय विद्युत विकास विभागबाट प्राप्त अनुमतिपत्र अनुसार कम्पनीको विद्युत उत्पादन अनुमति मिति २१०९ आश्विन २८ गतेसम्म बहाल रहने भएता पनि नेपाल विद्युत प्राधिकरणसंग भएको विद्युत खरिद बिक्री सम्झौतामा आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमति पत्रको अवधि मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ भन्ने व्यहोरा उल्लेख भए अनुसार कम्पनीको सम्झौता बहाल रहने अवधि गणना गरिएको छ ।

**दोल्ती पावर कम्पनी लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७३/०६/२१ मा भएको कनेक्सन एग्रिमेण्टमा दोल्ती पावर कम्पनी लिमिटेडको पावर हाउस परिसरमा निर्माण गरिएको लुप इन लुप आउट प्रणालीको प्रयोग गरी भुगोल इनर्जी डेभलमेण्ट कम्पनी द्धारा निर्माण गरिएको ३.७५ मे.वा.को द्धारी खोला साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत तथा अप्पर लोहोरे खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने ४ मे.वा. विद्युतलाई दोल्ती पावर कम्पनीबाट उत्पादन भएको विद्युत संगै नेपाल विद्युत प्राधिकरणको दैलेख सबस्टेसनसम्म ३३ kV प्रसारण लाईन मार्फत जडान गर्नको लागि नेपाल विद्युत प्राधिकरण र दोल्ती पावर कम्पनी लिमिटेड बीच भएको कनेक्सन एग्रिमेण्टलाई एमेण्डमेण्ट गरी दोल्ती पावर कम्पनी लिमिटेड तथा भुगोल इनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेड र अप्पर लोहोरे खोला जलविद्युत आयोजनाबाट उत्पादित विद्युत समेत दोल्ती पावर कम्पनीको परिसरमा निर्माण गरिएको लुप इन लुप आउट प्रणाली मार्फत एउटै प्रसारण लाईनको प्रयोग गरि ३३ के.भी. प्रसारण लाइन मार्फत प्राधिकरणको दैलेख सबस्टेसनमा जडान गर्ने सम्बन्धमा मिति २०७७/०६/२३ मा विद्युत प्राधिकरण (Grid Owner) र दोल्ती पावर कम्पनी लिमिटेड (Grid User) तथा भुगोल इनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेड तथा अप्पर लोहोर खोला हाइड्रोपावर कम्पनी बीच प्रसारण लाईन शेयरिङ्ग गर्ने सहमती भएको थियो । उक्त सहमती अनुसार तीन वटै आयोजनाको लागि छुट्टा छुट्टै Switchyard हुनु पर्नेछ भने प्रसारण लाईनमा हुने लस समेत तीन वटै आयोजनाले समानुपतिक रुपमा व्यहोर्नु पर्नेछ ।

| क सं | नियमन/निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृत/अनुमति/इजाजत | स्वीकृत/अनुमति/इजाजतको विषयवस्तु | इजाजत प्राप्त मिति | बहाल रहने अवधि |
|---|---|---|---|---|
| १ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता (प्राइभेट लिमिटेड) | २०६९/१२/२५ | लागु नहुने |
| २ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता (पब्लिक लिमिटेड) | २०७८/०३/३१ | लागु नहुने |
| ३ | नेपाल सरकार उर्जा, मन्त्रालय विद्युत विकास विभाग | विद्युत उत्पादनको अनुमति | २०७४/०६/२९ | २१०९/०६/२८ |
| ४ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | कारोबार स्वीकृती | २०७९/०२/०६ | लागु नहुने |
| ५ | नेपाल विद्युत प्राधिकरण | व्यापारिक उत्पादन सुरु | २०७६/०९/०८ | लागु नहुने |
| ६ | विद्युत नियमन आयोग | शेयर सार्वजनिक निष्काशन गर्न पूर्व स्वीकृतीं | २०७९/०५/१० | लागु नहुने |

**कम्पनीको हालसम्म प्रबन्ध पत्र नियमावलीमा भएको संशोधन सम्बन्धी विवरण**

| विवरण | संशोधित दफा नं. | संशोधनको विषय | संशोधन स्वीकृत भएको संचालक समितिको निर्णय नं. तथा निर्णय भएको मिति | संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति | संशोधन नियमन निकाय/कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|---|
| प्रबन्धपत्रमा हालसम्म भएको संशोधन | दफा ६ | पूँजी संरचना | प्रस्ताव नं. ७ मिति: २०७८/०९/०५ | २०७८/०९/२९ | २०७९/०२/०६ |
| नियमावलीमामा हालसम्म भएको संशोधन | नियम २८ | संचालक समितिको संरचना | प्रस्ताव नं. ६ मिति: २०७८/०३/१८ | २०७८/०३/२६ | २०७८/०३/३१ |

**(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :**

कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद गरिएको र सरकारी वन क्षेत्रको जग्गा नेपाल सरकारबाट लिजमा भोगाधिकारका लागि स्वीकृति प्राप्त गरी आयोजनाको निर्माण कार्य समेत सम्पन्न भई मिति २०७६/०९/०८ गतेदेखि व्यापारिक उत्पाद सुरु गरिसकेको छ ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :**
यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न Geepert Hydropoer, Austrial संग ठेक्का सम्झौता भई सो अनुसार कार्य सम्पन्न भईसकेको छ ।

**(६) धितोपत्रको आयोजना प्रधावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा बिक्री प्रवन्धकसंगको सम्झौता :**
धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा बिक्री प्रवन्धकसँग मिति २०७८/१०/२६ गते द्विपक्षिय सम्झौता सम्पन्न भएको छ ।

**(७) आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** :
यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

**(८) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको** :
संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु.३७,५५,४०,२००/- शत प्रतिशत चुक्ता भैसकेको ।

**(९) आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :**
यस कम्पनीले निर्माण गर्दै आइरहेको आयोजना निर्माणका लागि सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड सँग मिति २०७४/१२/२७ गतेका दिन ऋण सम्झौता भई फाइनान्सियल क्लोजर भएको थियो ।

**(१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :**
यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७४ साल मंसिर महिना १ गतेका दिन भएको थियो । हाल विद्युत निर्माण सम्बन्धी सम्पूर्ण कार्याहरु सम्पन्न भई मिति २०७६ साल पौष महिना ८ गतेदेखि ब्यापारिक उत्पादन सुरु गरिसकेको छ ।

**(११) सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :**
यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम मुक्तिनाथ क्यापिटल लि., काठमाण्डौंसँग सम्झौता गरी प्रत्याभुति गराएको ।

**ग. २३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्नेकम्पनीकासञ्चालकहरुको नाम तथा दस्तखत :

| **क्र.सं.** | **सञ्चालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १. | मिरा गौतम् | अध्यक्ष | |
| २. | सकुन्तला बोगटी | संचालक | |
| ३. | मेनिट के.सी. दाहाल | संचालक | |

**ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

NIC ASIA CAPITAL
Your Friend For Prosperity

5215

idea to IPO
Connecting the dots...

ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

चलानी नं.४३२/२०७९/०८०

मितिः २०७९/०९/२६

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महोदय,

थापागाँउ, नयाँ बानेश्वर, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री दोल्ती पावर कम्पनी लिमिटेडले सार्वजनिक निष्कासन गर्न लागेको रु.१००/- अङ्कित दरका १६,०९,४५८ कित्ता थान साधारण शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. कम्पनीले निष्कासन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :**
एन आई सी एशिया क्यापीटल लिमिटेडको तर्फबाट

नाम : रमेन्द्र रायमाझी
पद : प्रमुख कार्यकारी अधिकृत
सही : ..............
कार्यालयको छाप

NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

**NIC ASIA Capital Limited**
3rd Floor, Siddhartha Insurance Complex, Babarmahal, Kathmandu
Tel No: 977-1-5705994, 5705664, PO Box: 19001

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**Kandel & Associates**
Chartered Accountants

ICAN Regd. No: 678
Pan No: 104829253
COP Number: 775

## REPORT ON EXAMINATION OF PROJECTED FINANCIAL STATEMENTS OF DOLTI POWER COMPANY LIMITED

### Report on the Financial Statements

We have reviewed the provisional and projected financial statements on **M/S Dolti Power Company Limited** in the accordance with the Nepal Standard on Assurance Engagements 3400 applicable to the examination of prospective financial information for the Financials years 2077-78, 2078-79, 2079-80 to 2081-82.

### Opinion

In our opinion and to the best of our information and according to the explanations given to us, except for the matter described in the basis for option section of our report, the accompanying projected financial statements present fairly, in all material respects and assumptions taken for projection, the financial position of the company of mentioned periods and each financial performance and its cash flow for the year then ended.

### Basis for opinion

Our responsibility under those standards is further described in the "Auditor's Responsibilities for the audit of the Financial Statement" section of our report. We are independent of the company in accordance with the ethical requirements that are relevant to our audit of the financial statement, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate evidence to provide a basis for our opinion.

### Responsibilities of Management for the Financial Statements

Management is responsible for the preparation and presentation of projections including the assumptions set out in **Note A** on which it is based. This projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

### Auditor's responsibilities

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an Auditor's Report that includes our opinion.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection, assuming the facts as set out in **NOTE A**.

Kandel & Associates Chartered Accountants Kathmandu

Madhavi Tower, 4th Floor, Putalisadak, Kathmandu, Nepal,

Further, in our opinion the projection is properly prepared based on the assumptions and estimates applicable to the entity. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

**Emphasis of Matter: Restriction on Distribution & Use**

We draw attention this provisional and projected financial statements are prepared as per the requirement to issue equity shares. As a result, our report and the attached projected financials may not be suitable for another purpose other than for the purpose of complying the norms of issuing shares. Our report is intended solely for the purpose of issuing shares as mentioned above and should not be used other than mentioned. Our opinion is not modified in respect of this matter.

**For Kandel & Associates**

Chartered Accountants

Kandel & Associates ★ Kathmandu ★ Chartered Accountants

CA Narayan Kandel

(Proprietor)

Date: 2022/12/25

UDIN: 230106CA01065flocX

Place: Kathmandu, Nepal